# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक ३२६ काठमाडौं सोमबार, १२ चैत २०८० Prabhab National Daily Monday, March 25, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।–


परराष्ट्रमन्त्रीको चीन भ्रमण

## प्राथमिकतामा बिआरआई



बिआरआई भए पनि अरु परियोजना भए पनि नेपाली जनतालाई जानकारी दिनुपर्छ । नेपाली जनताको तर्फबाट जान लागेपछि भन्नुपर्छ । सार्वजनिक भ्रमण भएकोले संसद्मार्फत भन्नुपर्छ ।

**डा. प्रकाशचन्द्र लोहनी**
पूर्वअर्थमन्त्री

सहुलियतपूर्ण ऋण हुनुपर्‍यो । ठेक्कादेखि सबै सामान मान्छे उनीहरूकै हुने हुनु भएन । नेपालको आवश्यकता र नेपाललाई सहयोग हुने किसिमको हुनुपर्‍यो

**डा. प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठको चीन भ्रमणमा बहुप्रतिक्षित भनिएको बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) परियोजनाबारे पनि छलफल हुने भएको छ । एमालेसहितको गठबन्धन बनेपछि यसै विषयमा थप छलफलका लागि उपप्रधान तथा परराष्ट्रमन्त्री नौ दिने चीन भ्रमणमा जान लागेको परराष्ट्र मामलाका जानकारहरू बताउँछन् ।

यद्यपि विवादमा तानिने डरले सरकारले यस विषयलाई भ्रमणको एजेण्डा बनाएको छैन । प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालनिकट नेताहरूका अनुसार देश आर्थिक संकटसँग जुधिरहेको बेला चीनबाट यस परियोजनामार्फत लगानी भित्र्याउने मौका यही भएको बताइएको छ । 'एमालेसँगको गठबन्धनमा सरकार बनेकै बिआरआई भित्र्याउन हो,' दाहालनिकट एक नेताले भने, 'यो नेपालका लागि सुनौलो मौका पनि हो ।'

गत असोजमा अमेरिका हुँदै चीन पुगेर फर्केपछि काठमाडौंमा प्रधानमन्त्री दाहालले चिनियाँ राजदूत छन् सङसँग भेटेका थिए । त्यतिबेला दाहालले आफू बिआरआईप्रति सकारात्मक रहेको बताएका थिए । यद्यपि त्यतिबेला नेपाली कांग्रेस सत्ता साझेदार थियो । कांग्रेस बिआरआईप्रति सशंकित रहेको कारण दाहाल निर्णय गर्न हच्किएका थिए । यसपटक भने एमाले सत्तासहयात्री पाएको छ माओवादीले ।

(क्रमशः पृष्ठ २ मा)

### यस्तो छ भ्रमण तालिका

आइतबार राति ११ बजे चीनको ग्वाञ्जाउ पुगेका परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठलाई त्यहाँ चिनियाँ कम्युनिस्ट पार्टीका सचिव ली सीले स्वागत गरेका छन् । उनी आज बेइजिङ प्रस्थान गर्ने कार्यतालिका रहेको छ । त्यहाँ वैदेशिक विभागका मन्त्री लिउ जियानचाओसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ ।

चीन भ्रमणको क्रममा मंगलबार चिनियाँ विदेशमन्त्री वाङ यीसँग दिवाभोज र भेटवार्ता गर्ने कार्यक्रम रहेको छ । यो भेटलाई महत्त्वका साथ हेरिएको छ । सोही साँझ बेइजिङस्थित नेपाली दूतावासमा परराष्ट्रमन्त्रीको सम्मानमा रात्रिभोज आयोजना गरिएको छ ।

मन्त्री श्रेष्ठ बुधबार चोङछिङ प्रस्थान गर्ने छन् । चोङछिङका कम्युनिस्ट पार्टीका स्थानीय सचिवसँग भेटवार्ता गर्ने छन् । त्यहाँ बिहीबार हुने पर्यटन प्रदर्शनीमा मन्त्रीको अवलोकन कार्यक्रम तय भएको छ । सोही दिन चोङछिङका मेयरसँग भेटवार्ता हुने परराष्ट्र मन्त्रालयले जनाएको छ । शुक्रबार चोङछिङबाट उनी ल्हासा प्रस्थान गर्ने छन् ।

ल्हासामा तिब्बतका पार्टीसचिव वाङ जुङजेङसँग भेटवार्तापछि शनिबार मनसरोवर तीर्थ निस्कने कार्यक्रम तय भएको छ । सोही दिन ल्हासा फिर्ता भएर आइतबार ल्हासाबाट छेन्दु पुग्ने र अर्को सोमबार परराष्ट्रमन्त्री श्रेष्ठ स्वदेश आइपुग्ने छन् ।

# सुहाङलाई विरासत जोगाउने अभिभारा

## ३२ वर्षीय सुहाङ नेम्बाङ इलाम–२ मा एमाले उम्मेदवार

■ **जेबी योञ्जन**

**काठमाडौं–** मुलुकमा पञ्चायत ढलेको दुई वर्ष हुँदै गर्दा राष्ट्रिय राजनीतिमा सुवासचन्द्र नेम्बाङको 'डेब्यु' भयो । त्यहीबेला कान्छो छोराको रूपमा सुहाङ जन्मिए ।

राष्ट्रिय सभा र प्रतिनिधिसभा सदस्य, मन्त्री हुँदै सभामुख र संविधानसभा अध्यक्ष भइसकेका नेम्बाङको निधन गत भदौ २६ मा भयो । इलाम–२ का जनताको तीन दशक लगातार प्रतिनिधि बनेका सुवासको निधनपछि अब कान्छो छोरा सुहाङमाथि बुबाको राजनीतिक विरासत धान्नुपर्ने जिम्मेवारी प्राप्त भएको छ ।

एमालेको कानुन विभागमा उनी हालै मनोनीत भएका छन् । उनै नेम्बाङलाई अध्यक्ष केपी शर्मा ओलीले इलाम–२ मा आगामी १५ वैशाखमा हुने उपनिर्वाचनका लागि आइतबार उम्मेदवार बनाए । जुन अपेक्षित थियो । किनभने ओलीले यसअघि नै सुहाङलाई उम्मेदवार बनाउने अनौपचारिक रूपमा आश्वासन दिएका थिए । नभन्दै उम्मेदवार बनाए । र, ओलीले सुहाङबारे सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, '३२ वर्षीय सुहाङ नेम्बाङ इलाम–२ को उपनिर्वाचनमा उम्मेदवार बनेका छन् । फुटबल र क्रिकेटमा रुचि भएका, पेसाले लयर (अधिवक्ता) सुहाङलाई भेट्दा सरल र नयाँ जोस भएका युवाको रूपमा पाएको छु ।'

तर, सुहाङ भने उम्मेदवार हुनेमा सशंकित थिए । कारण, नेकपा एकीकृत समाजवादीका सम्मानित नेतासमेत रहेका पूर्वप्रधानमन्त्री झलनाथ खनालले ओलीनिवास बालकोट पुगेर बारम्बार एमालेमा आएर चुनाव लड्ने भनेको विवरण सार्वजनिक भएको थियो । अर्कातिर, भूगोलमा लामो समयदेखि क्रियाशील नेताहरूको नाम पनि जिल्ला हुँदै कोशी प्रदेश कमिटीबाट सिफारिस भएको थियो । अन्ततः टिकटमा सुहाङले बाजी मारे ।

'पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओली र सिंगो एमाले पार्टीले मलाई जनतासामु परीक्षणका लागि खडा गर्नुभएको छ,' उनले प्रभावसँग भने, 'यो ऐतिहासिक अभिभारा सम्हाल्न म पूर्णरूपमा तयार छु । खरोगरी चुनावी मोर्चामा खडा हुन्छु ।'

(क्रमशः पृष्ठ २ मा)



पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओली र सिंगो एमाले पार्टीले मलाई जनतासामु परीक्षणका लागि खडा गर्नुभएको छ । यो ऐतिहासिक अभिभारा सम्हाल्न म पूर्णरूपमा तयार छु ।

**सुहाङ नेम्बाङ**
उम्मेदवार, नेकपा एमाले

३२ वर्षीय सुहाङ नेम्बाङ इलाम–२ को उपनिर्वाचनमा उम्मेदवार बनेका छन् । फुटबल र क्रिकेटमा रूचि भएका, पेसाले लयर (अधिवक्ता) सुहाङलाई भेट्दा सरल र नयाँ जोस भएका युवाको रूपमा पाएको छु ।

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले

सन्दर्भ: वैदेशिक रोजगार

# सीप सिकेर विदेशिने क्रम बढ्दो

## आठ महिनामा रोजगारीका लागि विदेशिनेमध्ये साढे ७१ प्रतिशत दक्ष



फाइल तस्बिर

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** चालु आर्थिक वर्षको आठ महिनामा रोजगारीका लागि विदेशिने नेपालीमध्ये साढे ७१ प्रतिशत सीपयुक्त (दक्ष) रहेको पाइएको छ । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आवको साउनदेखि फागुन मसान्तसम्म सीप सिकेर विदेश जाने नेपाली श्रमिकको संख्या तीन लाख ३५ हजार ५९६ जना रहेको छ । यो उक्त अवधिमा रोजगारीका लागि विदेशिने कूल श्रमिक संख्याको ७१.६८ प्रतिशत हो ।

विभागको तथ्यांकअनुसार चालु आवको आठ महिनामा श्रम स्वीकृति लिएर विदेशिनेको संख्या चार लाख ६८ हजार १३५ जना रहेको छ । जसमध्ये ५२ हजार २६७ जना महिला रहेका छन् । उक्त अवधिमा सीप सिकेर विदेशिने महिलाको संख्या भने ३२ हजार १०७ जना रहेको छ ।

सीप सिकेर विदेशिने नेपाली साउन महिनामा ३८ हजार ७४५ जना थिए । भदौमा ३५ हजार ८१०, असोजमा ३८ हजार ७३८, कात्तिकमा ३० हजार ८३२, मंसिरमा ४९ हजार ८५, पुसमा ४८ हजार १६१, माघमा ४५ हजार ६४८ र फागुनमा ४७ हजार ५७७ जना सीपयुक्त श्रमिक विदेशिएको विभागको तथ्यांकमा देखिन्छ ।

समीक्षा अवधिमा ३८ हजार २५२ जना अर्धदक्ष श्रमिक रोजगारीका लागि विदेशिएका छन् । पेसागत दक्षता हासिल गरेका एक हजार १२६ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । फागुन मसान्तसम्मको आठ महिना अवधिमा विशिष्ट दक्षता (विशेषज्ञता) हासिल गरेका ४१७ जना पनि विदेशिएका छन् ।

यस अवधिमा ठूलो संख्यामा अदक्ष श्रमिक पनि रोजगारीका लागि विदेशिएको विभागको तथ्यांकमा उल्लेख गरिएको छ । फागुन मसान्तसम्म ९३ हजार ७७४ जना अदक्ष (कोरा) श्रमिक विदेशिएका छन् । यो उक्त अवधिमा श्रम स्वीकृति लिएर विदेशिनेको २८ प्रतिशत हो ।

गत आव २०७९/८० मा विशिष्ट दक्षता हासिल गरेका श्रमिकका रूपमा २५७ जना, पेसागत दक्षता भएका श्रमिक एक हजार १५३ र सीपयुक्त दक्ष श्रमिक पाँच लाख छ हजार ५४६ जना रोजगारीका लागि विदेशिएका थिए ।

(क्रमशः पृष्ठ २ मा)

## प्रगतिशील मञ्चको होली अगांगता भएका बालबालिकासँग

**काठमाडौं (प्रस)–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले यस वर्षको होली पर्व गोकर्णेश्वरस्थित अपांग पुनःस्थापना केन्द्र नेपालका बालबालिकासँग मनाएको छ । मञ्चले केही वर्षयता केन्द्रका वालवालिकासँग होली मनाउँदै आएको छ ।

मञ्चका अध्यक्ष जनक रावलको सक्रियतामा कार्यसमितिका पदाधिकारी एवं सदस्यहरूले केन्द्र पुगेर बालबालिकासँग होली खेल्नुका साथै खाना खुवाउने र 'ह्याप्पी होली' अंकित टिसर्ट वितरण गरे । मञ्चले केन्द्रलाई आर्थिक सहयतास्वरूप केन्द्रका अध्यक्ष उदयबहादुर लिम्बूलाई ६६ हजार ६०० रूपैयाँको चेक हस्तान्तरण गरेको छ । सामाजिक उत्तरदायित्वअन्तर्गत अपांगता भएका बालबालिकाका लागि आर्थिक सहयोग गरिएको मञ्चका अध्यक्ष जनक रावलले बताए । 'आगामी दिनमा पनि विभिन्न अवसर पारेर यस्तै अपांगता भएका, असहाय, अनाथ तथा वृद्धवृद्धाहरूको संरक्षणका लागि मञ्चको सक्दो सहयोग रहने छ,' उनले भने ।

हाल उक्त संस्थामा ४० जनाभन्दा बढी शारीरिक तथा मानसिकरूपमा अपांगता भएका बालबालिका रहेका जानकारी दिइएको छ ।




# उपचारका दायरामा आउने न्यून

काठमाडौं- 'हो ! हामी क्षयरोग अन्त्य गर्छौं' भन्ने नारासहित आइतबार विश्व क्षयरोग दिवस नेपालमा पनि विविध कार्यक्रम आयोजना गरी मनाइयो । राष्ट्रिय क्षयरोग केन्द्रका अनुसार आर्थिक वर्ष २०७९/८० मा नेपालमा ७० हजार क्षयरोगका नयाँ बिरामी थपिएका छन् । ती मध्ये ३७ हजार ४४७ जनामात्र उपचारको दायरामा आएको देखिन्छ । यसैगरी क्षयरोगकै कारण बर्सेनि १८ हजार जनाको मृत्यु हुने तथ्यांकले देखाउँछ ।

क्षयरोग 'माइको ब्याक्टेरियम टचुबरक्लोसिस' नामक जीवाणुको संक्रमणका कारण हुने संक्रमणजन्य सरुवा रोग हो । क्षयरोग भएका बिरामीले खोक्दा, हाछ्युँ गर्दा किटाणु निरोगी मानिसको सम्पर्कमा आएमा रोग सर्ने जोखिम हुन्छ ।

केन्द्रका निर्देशक डा. प्रज्ज्वल श्रेष्ठले भने, 'क्षयरोगको जोखिम १५ देखि ४४ वर्ष उमेर समूहका छन् । पछिल्लो वर्षमा ६५ वर्षभन्दा माथिका वृद्धवृद्धामा पनि क्षयरोग देखिने गरेको पाइएको छ ।' हाल नेपालभर छ हजारभन्दा बढी स्वास्थ्य संस्थामा क्षयरोगविरुद्धको औषधि निःशुल्क उपलब्ध छन् । क्षयरोगको जोखिममा कुपोषण भएका, धुमपान तथा सुर्तीजन्य पदार्थको सेवन गर्ने, मधुमेहका बिरामी, मादकपदार्थ सेवन गर्ने, एचआइभी संक्रमित, रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिस उच्च जोखिम गर्दछन् ।

उनले 'क्षयरोग मुक्त नेपाल अभियान' अन्तर्गत हाल १२५ स्थानीय तहमा क्षयरोगको पहिचान, निदान र उपचार सेवामा सुधार गरिएको जानकारी दिँदै क्रमशः ७५३ वटै स्थानीय तहमा लागू गरिने बताए । नेपालले सन् २०५० सम्ममा क्षयरोगमुक्त बनाउने लक्ष्य लिएको छ । *रासस*

# होलीमा जथाभावी रङ दल्ने २७७ जना पक्राउ

**काठमाडौं (प्रस)**– प्रहरीले होली पर्व मनाउने क्रममा आइतबार जथाभावी रङ दल्ने तथा होहल्ला गरेको आरोपमा २७७ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पुरुष २६२ जना तथा १५ जना महिला रहेका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक भूपेन्द्र खत्रीले जानकारी दिए । उनले भने, 'आज (आइतबार) कानुनविपरीत काम गर्ने २७७ जनालाई हामीले नियन्त्रणमा लिएका छौं, पक्राउ परेकाहरूको अवस्था हेरेर केहीलाई परिवारको जिम्मा लगाइने र केहीको हकमा मुद्दासमेत दायर हुने छ ।'

यसैगरी, जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले आइतबार ६६४ वटा




सवारीसाधनलाई नियन्त्रणमा लिइएको जनाएको छ यसमा चारपांग्रे ६४९ तथा दुईपांग्रे १५ वटा रहेका जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

लापसे, मापसे गरी सवारीसाधन चलाउने तथा सवारीसाधनका कागजपत्र नबोक्ने, हेल्मेट नलगाई सवारी चलाउनेका सवारीसाधन नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । फागुपूर्णिमा अर्थात् होली पर्वलाई सुरक्षित बनाउने भन्दै प्रहरीले उपत्यकाको सुरक्षा व्यवस्था कडा बनाएको थियो । ट्राफिक चेकिङदेखि सादा पोसाकसहित गरी कूल तीन हजार प्रहरी खटाइएको थियो भने ड्रोनबाट निगरानी गरिएको थियो ।

## पृष्ठ १ बाट क्रमशः

### सुहाङलाई विरासत...

बुबा सुवासजस्तै चलाखी र सावधानीपूर्वक ढंगले शब्दको प्रयोग गर्ने सुहाङले नेम्बाङ परिवारको कानुनी विरासतलाई जोगाएका छन् । अब राजनीतिक विरासत जोगाउने चुनौती उनमा थपिएको छ । 'राजनीतिमा इमान नबेच्ने हो । बुबाले पनि बेच्नुभएन । त्यसरी पनि जनताको असल प्रतिनिधि र विधायक हुन सकिन्छ भन्ने लागेको छ । जसका लागि म तयार छु,' सुहाङको भनाइ छ ।

बुबाको पदचाप पछ्याउँदै राजनीतिमा सुहाङको यो पहिलो पाइला हो । अबको एक महिनामा हुने इलाम-२ को उपचुनाव जितेर राजनीतिमा सुहाङले फड्को मार्लान् कि नमार्लान् ? अहिले नै निर्क्योल गर्न सकिँदैन । तर, बुबा सुवासले पार्टी र माङ्सेबुङलाई सन्तुलनमा जहिल्यै राख्दा चुनाव जितिरहे । उसो त सुवासअघि त्यही क्षेत्रमा एमालेकै मणिकुमार सुब्बाले चुनाव जितेका थिए । एकपटक (२०५१) मात्रै कांग्रेसका कुलबहादुर गुरुङ (केबी)ले त्यस क्षेत्रबाट चुनाव जिते । नभए बाँकी सबै चुनाव एमालेले जितेको इतिहास छ । यसो हुनुको कारण एमाले सांगठनिक रूपमा बलियो छ ।

यद्यपि, सुहाङका लागि भने तुलनात्मक रूपमा चुनाव जित्न बुबासँगै मणिकुमारलाई भन्दा बढी चुनौती छन् । पहिलो त उनको सीधा सम्बन्ध इलाम-२ वासी र पार्टीसँग भर्खर स्थापित हुँदै छ । भूगोलको समस्या थाहा छैन । यसको असर सुहाङलाई चुनावमा पर्नसक्ने देखिएको छ ।

दोस्रो त बुबा सुवासका कारण तीन दशकदेखि इलाम-२ मा नेतृत्वको जाम छ । जनतामाझ गएर चुनावमार्फत परीक्षण हुने अवसर कयौं नेताले पाएनन् । जसको प्रतिबिम्बन जिल्ला कमिटी र प्रदेश कमिटीले गरेको उम्मेदवार सिफारिसमा पर्‍यो । तर, ओलीले आइतबार सुहाङलाई उम्मेदवार छाने । एमाले इलामका एकजना पदाधिकारीका अनुसार अब सुहाङले उपनिर्वाचन जिते थप तीन दशक इलाम-२ मा रजगज गर्न सक्छन् । यस आधारले पार्टी कमिटीमा भने बुबापछि छोरालाई उम्मेदवार बनाएको भन्दै एउटा ठूलै पंक्ति रुष्ट छ । उनीहरू मन कुँडाएर बसेकाले चुनावमा असहयोग गर्न सक्छन् ।

तेसो त सुहाङले नै भनेअनुसार स्वतन्त्र उम्मेदवार मिलन लिम्बू चुनौती हुन सक्छन् । यसबारे सुहाङले प्रभावसँग केही तर्कअघि सारे । 'उहाँ (मिलन) स्वतन्त्र उम्मेदवार हुनुभयो । स्वतन्त्र रहने मतदाताले उहाँलाई मत दिन सक्छन्,' उनले भने ।

सुहाङलाई थपिएको अर्को चुनौती भनेको किरात धर्मगुरु आत्मनन्द लिङ्देन, उनी रहेको माङ्सेबुङ र त्यस क्षेत्रका एमाले कार्यकर्ताले पार्टी सदस्यता नवीकरण नगर्नाले पनि हो । 'किरात-सगरमाथा' प्रदेशको नाम राख्न लिङ्देनले प्रस्ताव गर्दा मूलभूतरूपमा उक्त नाम अस्वीकार गर्नमा ओलीको भूमिका निर्णायक रहेको भन्दै लिङ्देन र माङ्सेबुङका एमालेजनले पार्टी सदस्यता नै नवीकरण गरेका छैनन् । एमाले त्यागेको डकेन्द्रसिंह थेगिम अहिले पहिचान पक्षधरबाट उम्मेदवार छन् । यी विकसित राजनीतिक परिघटना पनि सुहाङको जितमा बाधक बन्न सक्ने देखिएको छ ।

#### कोही मैदानमा, कोहीको सुरसारै छैन

उपनिर्वाचनका लागि घोषणा भइसकेका उम्मेदवारहरू तीनजना भएका छन् । प्रमुख दल एमालेबाट सुहाङ, पहिचान पक्षधरहरूबाट डगेन्द्रसिंह थेगिम र स्वतन्त्र उम्मेदवार मिलन लिम्बू उम्मेदवार घोषणा भइसके ।

थेगिम र लिम्बू त गाउँगाउँ घुमिरहेका छन् । तर, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससहितका दलहरूले उम्मेदवार तय गर्न सकेका छैनन् । प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको दल नेकपा माओवादी केन्द्रले उम्मेदवार बनाउने सुरसारै गरेको छैन । पार्टीका प्रदेश कमिटी अध्यक्ष हर्कबहादुर नेम्बाङले केही दिनभित्र छलफल गरेर उम्मेदवार छानिने बताए । 'हामी त उपनिर्वाचनको छलफलमै गइसकेका छैनौं । केही दिनमा उम्मेदवार टुंग्याउँछौं,' उनले भने, 'त्यसपछि थाहा दिउँला ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले केही दिनमै उम्मेदवार घोषणा गर्ने भएको छ । सहमहामन्त्री कविन्द्र बुर्लाकोटीसहितका नेताहरूले गरेको जनमत सर्वेक्षणका आधारमा उम्मेदवार घोषणा गर्ने भएको हो । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पनि उम्मेदवार छानेको छैन । अरू अधिकांश दलको हालत उही छ ।

■■■

### प्राथमिकतामा बिआरआई....

नेकपाकालमा प्रधानमन्त्री रहेको केपी शर्मा ओलीले यो परियोजना अघि बढाउन खोजेका थिए । पछि कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि २०८७ मा यस परियोजनामाथि प्रश्न उठेको थियो ।

त्यतिबेला देउवाले अनुदानका रूपमा पाएमात्र रसुवागढी-काठमाडौं रेलमार्ग बनाउने नभए ऋणमा सहमत हुन नसक्ने बताएका थिए । यसपटक यही परियोजनामार्फत विदेशी लगानी भित्र्याउने योजना दाहालको देखिन्छ । भ्रमणमा परराष्ट्रमन्त्रीले पक्कै यसबारे छलफल गर्नसक्ने पूर्वअर्थमन्त्रीसमेत रहेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का नेता डा. प्रकाशचन्द्र लोहनीले आशंका गरे । 'घुम्नमात्र गएको त हैन होला ?,' लोहनीले प्रश्न गरे ।

यद्यपि यस्तो विषयमा खुलेर जानु नै फाइदा हुने उनी बताउँछन् । 'नेपाली जनतालाई जानकारी दिनुपर्छ । नेपाली जनताको तर्फबाट जान लागेपछि भन्नुपर्छ । सार्वजनिक भ्रमण भएकोले संसद्मार्फत भन्नुपर्छ,' लोहनीले भने । धेरैले बिआरआई के होला भन्ने प्रश्न गरेकाले पनि यसको उद्देश्य र लगानीको अवधारणामाथि सार्वजनिक छलफल चल्नुपर्नेसमेत उनको सुझाव छ । 'लगानी हामीलाई चाहिने हो भने सबै कुरा डिफाइन हुनुपर्‍यो,' लोहनीले भने ।

निवर्तमान अर्थमन्त्री डा. प्रकाशशरण महत भने नेपाललाई सहयोग हुने किसिमको परियोजना स्वीकार गर्न सकिने बताउँछन् । यद्यपि महँगो ऋण नेपाल सरकारले धान्न नसक्ने उनको भनाइ छ । 'सहुलियतपूर्ण ऋण हुनुपर्‍यो । ठेक्कादेखि सबै सामान मान्छे उनीहरूकै हुने हुनु भएन । नेपालको आवश्यकता र नेपाललाई सहयोग हुने किसिमको हुनुपर्‍यो,' महतले भने ।

परराष्ट्रमन्त्री श्रेष्ठले चीन भ्रमणलाई फलदायी बनाउन शनिबार विभिन्न मन्त्रालयका उच्चपदस्थ अधिकारीसँग छलफल गरेका थिए । परराष्ट्र मन्त्रालयमा भएको छलफलमा श्रेष्ठले मित्रराष्ट्र चीनसँग भएका सम्झौता कार्यान्वयनको अवस्थाका बारेमा जानकारी लिएका थिए । सहभागीले ऊर्जा, व्यापार, पर्यटन, सम्पर्क सञ्जाल, कृषि, प्रविधि हस्तान्तरण, सीमा व्यवस्थापनलगायत विषयमा चिनियाँ पक्षसँग छलफल गर्न सुझाव दिएका थिए ।

उपप्रधानमन्त्री श्रेष्ठले आफ्नो भ्रमणमा दुई देशबीचका सम्बन्धलाई सुदृढ गर्ने तथा द्विपक्षीय पारस्परिक सहायता अभिवृद्धिका बारेमा केन्द्रित हुने बताए । 'अहिलेको मेरो चीन भ्रमणले दुई देशबीचको सम्बन्धलाई थप मजबुद र पारस्परिक सहयोगात्मक सम्बन्धलाई पनि राम्रो बनाउने छ । अहिलेसम्म भएका सम्झौताको कार्यान्वयन प्रक्रियाका बारेमा चिनियाँ पक्षसँग छलफल हुने छ,' श्रेष्ठले भने ।

छलफलमा राष्ट्रिय सुरक्षा सल्लाहकार शंकरदास वैरागी, परराष्ट्र मन्त्रालयकी सचिव सेवा लम्साल, अर्थ मन्त्रालयका सचिव (राजस्व) डा. रामप्रसाद घिमिरे, रक्षासचिव किरणराज शर्मा, ऊर्जासचिव गोपालप्रसाद सिग्देल, सिँचाइसचिव सुशीलचन्द्र तिवारीलगायत सहभागी थिए । पोखराको अन्तर्राष्ट्रिय विमानस्थल बनाउँदा चिनियाँ एक्जिम बैंकबाट २८ अर्ब रूपैयाँभन्दा बढी ऋण लिएको थियो । विमानस्थलको दोस्रो किस्ता ब्याज भुक्तानीसमेत नेपालले गर्न नसकेको अवस्थामा प्रधानमन्त्री दाहालले उक्त ऋणको निश्चित प्रतिशत मिनाहा गराउन आफूले पहल गरिरहेको बताएका छन् । बिआरआई सहमतिअघि सरकारले यो विषयलाई मूल मुद्दा बनाउने पनि बताएको छ ।

■■■

### सीप सिकेर...

यस्तै गत वर्ष ६० हजार ५५५ जना अर्धदक्ष र दुई लाख दुई हजार २१६ जना अदक्षका श्रमिकका रूपमा विदेश गएका थिए । सरकारले रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७५ लागू गरेयता सीप सिकेर विदेश जाने श्रमिकको संख्या बढ्दो क्रममा रहेको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए । उनका अनुसार पछिल्ला आर्थिक वर्षहरूमा वैदेशिक रोजगारीमा जाने अदक्ष श्रमिकको संख्या क्रमशः घट्दै गइरहेको छ । 'सीप विकास तालिम अनिवार्य हुँदाहुँदै पनि यसको कार्यान्वयनमा कठिनाइ भएका कारण अझै पनि ठूलो संख्यामा अदक्ष श्रमिक रोजगारीका लागि विदेश गइरहेका छन्,' महानिर्देशक घिमिरेले भने ।


**कम्पनी अद्यावधिक, नाम परिवर्तन तथा उद्देश्य थप/संशोधन सम्बन्धी सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०८०/१२/१२ गते**

यस कम्पनीको मिति २०८०/१२/०२ को विशेष एकल साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **के.एस. केमिकल मल्टिपर्पोज प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **के.एस. फाइबर कम्पनी प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/१२/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **के.एस. फाइबर कम्पनी प्रा.लि.** (प्रा.लि.नं.२७१२३३) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



**बेलबारी नगरपालिका**

**नगर कार्यालालिकाको कार्यालय**

**बेलाबारी, मोरङ**

**कोशि प्रदेश, नेपाल**

**बेलबारी नगरपालिका कार्यालयको जनहितमा जारी सन्देश**

**सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत सम्भारले भेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।**

**त्यसैले :**

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अवरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनौं ।
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

**गर्मीयाममा अपनानुपर्ने कुराहरू**

- सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
- पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
- लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
- पूरा बाउला भएको कपडा लगाऔं ।
- घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।

**गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।**

- नियमित स्वास्थ्य जाँच गरौं ।
- पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
- चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
- गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
- प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।

**नवजात शिशुलाई स्याहार कसरी गर्ने**

- नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
- नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
- जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
- शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।
- झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।
- चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं।
- चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
- बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
- आफ्नो घर, आँगन सफा राखौं ।

# तस्बिरमा देशभरको होली








१) फागुपूर्णिमाको दिन आइतबार काठमाडौंको हनुमानढोका दरबार क्षेत्र, वसन्तपुरमा रङले रंगिएका सर्वसाधरणको घुइँचो ।
२) काठमाडौंको बसन्तपुरमा होली खेलेर मनोरञ्जन लिँदै सर्वसाधारण ।
३) आइतबार पोखरामा होली खेलेर रमाउँदै स्वदेशी तथा विदेशी पर्यटक ।
४) तनहुँको व्यास नगरपालिका–३ पराशर टोलमा आइतबार होलीमा रमाउँदै बालबालिका ।
५) होलीको अवसरमा रुकुम पश्चिमको मुसीकोट नगरपालिका–१ त्रिवेणी चोकमा घैँटो फुटालेर होलीको शुभकामना साटासाट गर्दै युवा ।
६) आइतबार धनगढी उपमहानगरपालिका–४ उत्तरबेहडीमा रहेको शिवपुरी धाममा होली खेल्दै अछामी समुदाय ।

*तस्बिरहरू: रासस*

# मिथिलामा तीन दिन 'होरी'

**महोत्तरी–** मधेसमा दिनदिनै होली पर्वको रौनक छ । आइतबार सुरु भएको होली मंगलबारसम्म खेल्ने तयारी मधेसमा छ । प्रदेशका आठवटै जिल्लाका उत्तरवर्त्ती क्षेत्रमा सघन बसोबास भएका पर्वते (पहाडी) मूलका हिन्दूले आइतबार फागुपर्व मनाएका छन् । पूर्णिमा तिथिकै दिन फागु मनाइने परम्पराअनुसार पहाडी मूलका हिन्दूले आइतबार फागु मनाइएका हुन् ।

यता साधु परम्परा (मठ, गुरुकूल परम्परा)मा पूर्णिमा सकिएर लाग्ने प्रतिपदा तिथिमा फागु खेल्ने परम्परा छ । यसअनुसार मधेसका अधिकांश ठाउँमा आज सोमबार होली पर्व मनाइने तयारी छ । मिथिलाको माध्यमिकी परिक्रमा क्षेत्रभित्र अन्तगृह परिक्रमा सम्पन्न गरिएपछि त्यसको भोलिपल्ट पर्व मनाउने परम्परा छ । यसअनुसार आज अन्तगृह परिक्रमा गरिएपछि भोलि मंगलबार होली खेलिने छ ।

पन्ध्र दिने मिथिला माध्यमिकी परिक्रमाको अन्तिम दिन जनकपुरधामको रंगभूमिमा अन्तिम बास बसेर १६औं दिन बिहान अन्तगृह परिक्रमा गरिन्छ । अन्तगृह परिक्रमाकै क्रममा होलिका दहनको धुरा उडाएपछि (राक्षसी प्रवृत्तिकी प्रतीक मानिने होलिका राक्षसीको आकृति डढाएको खरानी उडाउने विधि) भोलिपल्ट होली मनाइने परम्पराअनुसार मंगलबार पर्व मनाउनपर्ने स्थापित मैथिल परम्परा भएको यस क्षेत्रको पाका मैथिल बताउँछन् ।

फागुपर्व तिथि टेकेर मनाइनुपर्ने हुँदा चैत कृष्ण प्रतिपदाका दिन मनाइनुपर्ने साधु परम्पराका अनुयायीको मत छ । यस मतका अनुयायी आज सोमबार पर्व मनाउने तयारीमा छन् । यसैगरी परिक्रमा यात्राको अन्तगृहलाई आधार मानिँदा भोलि मंगलबार पर्व मनाइनेको संख्या उल्लेख्य देखिन्छ । खासमा १५ दिने मिथिला माध्यमिकी यात्राको १३३ किलोमिटर वृत्तभित्र पर्सी मंगलबार पर्व मनाइने मैथिल संस्कृति र परम्पराका जानकार सञ्चारकर्मी श्यामसुन्दर शशि बताउँछन् ।

'मध्यमा परिक्रमा जनकपुरको रंगभूमि मैदानमा जम्मा भएकै दिन राति होलिका दहन गर्ने, भोलिपल्ट अन्तगृह परिक्रमासँगै धुरा उडाउने र त्यसको भोलिपल्ट पर्व मनाउने परम्परा छ,' शशि भन्छन्, 'यसमा सामान्यतया तिथिको कुरा त जोडिन्छ, तर कहिलेकाहीँ तिथिको भोग घटबढको असरले तलमाथि पर्छ ।'

मिथिलामा सामान्यतया चैतकृष्ण प्रतिपदाका दिन होली पर्व पर्ने भए पनि होलिका दहन र अन्तगृह परिक्रमा एक दिनको फरकमा हुने परम्पराले

**साधु परम्परा (मठ, गुरुकूल परम्परा)मा पूर्णिमा सकिएर लाग्ने प्रतिपदा तिथिमा फागु खेल्ने परम्परा छ । यसअनुसार मधेसका अधिकांश ठाउँमा आज सोमबार होली पर्व मनाइने तयारी छ ।**

यसपालिको पर्व मंगलबार पुगेको शशि बताउँछन् । यहाँ पर्वते र मूल मधेसी समुदायको अन्तर्घुलनले सबै परम्पराअनुसार एकअर्काको होली परम्परामा सरिक हुँदै आएका छन् । 'प्रेम, सद्भाव र आपसी एकताको सन्देश दिने पर्वको अभिष्ठ हो, हामी तीनै दिन एकआपसमा मिलेर होली खेल्छौं,' भंगाहा नगरपालिकाका प्रमुख सञ्जिवकुमार साह भन्छन् ।

आ-आफ्ना सुविधा र मान्यताअनुसार तीन दिन 'होरी' मनाइँदै गरिए पनि यसपाली होली शान्त नै देखिएको छ । बस्तीका घरघर र सडक गल्लीसम्म एकअर्कोलाई लोला हान्ने, भीड जम्मा हुने र रङ प्रयोगमा कमी देखिएपछि होली शान्त देखिएको हो । मधेस प्रदेशभित्रका आठै जिल्लामा जिल्ला प्रशासनले भिडभाड नगर्न, भिडभाडमा नजान, रङ र लोला नहान्न सार्वजनिक सूचना नै जारी गरेर अपिल गरेको छ । *रासस*

# लोपोन्मुख नौ बाजा सम्मेलन सम्पन्न




**भक्तपुर (प्रस)–** मध्यपुर थिमिमा आयोजित नौ बाजा सम्मेलन सम्पन्न भएको छ । अमूर्त सम्पदाको रूपमा रहेको मौलिक लोपोन्मुख बाजाहरू नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले होलीको अवसर पारेर सम्मेलन सम्पन्न गरिएको हो ।

केन्द्रीय मानन्धर संघले सुरु गरेको लोपोन्मुख बाजा संरक्षण अभियानअन्तर्गत काठमाडौं महानगरपालिकासँगको साझेदारीमा मध्यपुर थिमिको क्वलाखु क्षेत्रमा सम्मेलन आयोजना गरेको थियो । परम्परागत नौ मौलिक बाजा र सहायक बाजाका रूपमा विभिन्न जात्रा, पर्व परम्परामा बजाइने गरिन्छ ।

बौद्धमार्गी नेवारले संरक्षण गरेको नौ बाजालाई सिद्धार्थ गौतम बुद्धको तत्कालीन समयमा कपिलवस्तुमा राजकीय बाजाको मान्यता पाएको विश्वास रहेको छ । श्रृंगभेरि उपदानको कथा र स्वयम्भू पुराणमा उल्लेख भएको नौ बाजा पछिल्लो समयमा लोप हुने अवस्थामा छन् ।

संघले पहिलोपटक नेकू, पस्ताः, धाः, चति, डबडब, नगरा, खिं, पच्छिमा, प्वङा, ताः, भुस्या, छुस्या, पस्ता, नायिखं, धिमेचा, बेलगायतका बाजालाई पृथक ताल र बोलमा प्रदर्शन गरेको छ । सम्मेलनमा भक्तपुरको साःक्वलान, गोलमढी र तेखाच्व टोल, बनेपाको वांख्यो र क्वसाः दाफा भजन खलः तथा मध्यपुर थिमिको सिवा सायमि खलःले नौ बाजा प्रदर्शन गरेका संयोजक सुरेन्द्र मानन्धरले जानकारी दिए ।

# गरिब घरपरिवारको तथ्यांक संकलन गर्दै कामपा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले यही चैत २५ गतेदेखि 'गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण' कार्यक्रमका लागि तथ्यांक संकलन गर्ने भएको छ । त्यस कार्यमा खटिने जनशक्तिका लागि महानगरले गणक र सुपरिवेक्षकको तालिमका लागि प्रशिक्षक प्रशिक्षण दिइसकेको जनाएको छ ।

महानगरका सामाजिक विकास विभागकी निमित्त प्रमुख विमला कोइरालाले भनिन्, 'तालिमबाट प्रशिक्षक बन्नुभएका अधिकारीहरूले यही चैत २० गतेदेखि गणक र सुपरिवेक्षकलाई तालिम दिनुहुने छ । यस कार्यमा खटिने गणक र सुपरिवेक्षकका रूपमा काम गर्ने जनशक्ति प्राप्त गर्न गत मंसिर १६ गते महानगरले सार्वजनिक सूचना प्रकाशन गरेको थियो ।' प्राप्त आवेदनबाट योग्यताका आधारमा गत माघ १४ गते उम्मेदवारहरूको प्रारम्भिक सूची प्रकाशन गरिएको थियो । गत माघ २१ गतेदेखि २४ गतेसम्म महानगरले लिएको अन्तर्वार्ताबाट गत फागुन १७ गते योग्यताक्रमको अन्तिम नतिजा प्रकाशन भएको थियो । जसबाट २१ सुपरीवेक्षक र २०९ गणक छनोट भएका थिए ।

महानगरका अनुसार आगामी असार मसान्तभित्र तथ्यांक संकलन गर्ने गरी काम अघि बढाइएको छ । तथ्यांक संकलनको थालनी २०७० सालमा २३ वटा जिल्लाबाट भएको हो । हरेक पाँच वर्षमा परिचयपत्र नवीकरण गराउनुपर्ने कानुनी व्यवस्था छ ।

सरकारले प्रदान गर्दै आएको दीर्घरोगको उपचारका लागि आर्थिक सहयोग, विभिन्न लक्षित वर्गको उपचारसहित राज्यबाट प्रदान गरिने विभिन्न किसिमका सेवा सुविधा पनि यही परिचयपत्रका आधारमा प्रदान हुने महानगरले जनाएको छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : STAR SHINE DECORATION

पूर्व स्वीकृति मिति २०८०/१२/१० | LT. No. 302368 | चलानी नं. ६०२१७१२३

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: QR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1100 | ४०,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1700 | ६२,१९५ | | | | | | | |
| 3 | Housekeeper | 1 | 0 | 1100 | ४०,२४५ | | | | | | | |
| 4 | Labour | 1 | 0 | 1000 | ३६,५८५ | | | | | | | |
| 5 | Labour Services | 2 | 0 | 1000 | ३६,५८५ | | | | | | | |
| 6 | Supervisor | 2 | 0 | 2500 | ९१,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १९ गते (1st Apr. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.१६१५/०७९/०८०

Leaders International Recruitment Agency Pvt. Ltd
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748
Email: leadersnepal1615@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SSRV SDN BHD

पुर्व स्वीकृति मिति : २०८०/१२/१० | LT. No.302369 | चलानी नं. : ६०२१७१३०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 100 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १९ गते (1st Apr. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Broadway Overseas Employment Service Pvt. Ltd. Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9808018084, 9868005965, 985-1116030

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# हेलचेक्र्याइँ नगरौं क्षयरोगलाई

बोलीचालीको भाषामा टिबी भनिने रोगको नाम सुनिनसाथ केही वर्षअघिसम्म मानिसहरू आतंकित हुन्थे । उनीहरूको छेउछाउ पर्नबाट जोगिनु नै रोग लाग्नुबाट उम्किनु हुन्थ्यो । नेपाली समाजमा कुनै बेला कोरोना महामारीले भन्दा पनि अत्याएको टिबी टच्युबरक्लोसिस नामक कीटाणुका कारण सर्छ । खोकी लगातार लाग्ने भएकोले कतिपयले सुर्ती, तमाखु खानेलाई यो रोग लाग्छ भन्ने पनि थियो । तर क्षयरोग भएका बिरामीले खोक्दा, हाछ्युँ गर्दा कीटाणु निरोगी मानिसको सम्पर्कमा आए पनि रोग सर्ने जोखिम हुन्छ ।

यसैले पनि होला आफूलाई टिबी लाग्नेबित्तिकै रोगीहरूले रोग सार्वजनिक गर्दैनन् । अर्को कमजोरी भनेको रोग लाग्दा पनि परीक्षण गर्नसम्म पुग्दैनन् । यस्तै हेलचेक्र्याइँका कारण विश्वमा उच्च मृत्यु दरको १० रोगमध्ये एक यो रोग पनि रहेको छ । राष्ट्रिय क्षयरोग केन्द्रका अनुसार आर्थिक वर्ष २०७९/८० मा नेपालमा ७० हजार क्षयरोगका नयाँ बिरामी थपिएका छन् । ती मध्ये ३७ हजार ४४७ जनामात्र उपचारको दायरामा आएको देखिन्छ । क्षयरोगकै कारण नेपालमा बर्सेनि १८ हजार जनाको मृत्यु भएको डरलाग्दो तथ्यांक छ । गरिबीका कारण पनि रोग लुकाउने नेपालीको बानी छ । अर्को माथि भनेझैं रोग भनिदिए छिछि दुरदुर गर्ने डर । सरकारले सन् २०३५ सम्ममा क्षयरोग महामारी अन्त्य गर्ने र सन् २०५० सम्ममा निवारण गर्ने संकल्प राखेको छ ।

चेतनाको कमी र सरकारले यससम्बन्धी सचेत पार्न नसक्नु अर्को कमजोरी हो । यद्यपि 'हो ! हामी क्षयरोग अन्त्य गर्छौं' भन्ने नारासहित आइतबार विश्व क्षयरोग दिवस मनाएको छ । राष्ट्रिय क्षयरोग केन्द्रले यो दिवस मनाए पनि यसबारे खासै चर्चा भएको देखिन्न ।

क्षयरोगको जोखिम १५ देखि ४४ वर्ष उमेर समूहका मानिसमा हुन्छ । पछिल्लो वर्षमा ६५ वर्षभन्दा माथिका वृद्धवृद्धामा पनि क्षयरोग देखिने गरेको पाइएको छ । हाल नेपालभर छ हजारभन्दा बढी स्वास्थ्य संस्थामा क्षयरोगविरुद्धको औषधि निःशुल्क उपलब्ध छन् । क्षयरोगको जोखिममा कुपोषण भएका, धूमपान तथा सुर्तीजन्य पदार्थको सेवन गर्ने, मधुमेहका बिरामी, मादकपदार्थ सेवन गर्ने, एचआइभी संक्रमित, रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिस उच्च जोखिम गर्दछन् ।

'क्षयरोगमुक्त नेपाल अभियान' अन्तर्गत हाल १२५ स्थानीय तहमा क्षयरोगको पहिचान, निदान र उपचार सेवामा सुधार गरिएको सरकारले जनाएको छ । तर ७५३ वटै स्थानीय तहमा यस्तो सेवा लागू भने गरिनुपर्छ । श्वासप्रश्वासबाटै सर्ने रोग भएकाले सरकारले यो विषयमा विशेष कार्यक्रम नल्याए सर्वसाधारणले बाध्यतामा परेर रोग नजाँच्ने क्रम जारी हुने छ । यतिमात्र हैन महामारी निवारण योजना पनि असफल हुने छ ।

# कसले लेख्ने सीमान्तकृतको इतिहास ?



▸▸ राजकुमार दिक्पाल

नेपाली इतिहासकारहरूले सकेसम्म राजदरबारप्रति नरम भाषा प्रयोग गर्दै इतिहास लेख्दै जाँदा इतिहास भनेकै राजा महाराजाको गुणगान हो भन्ने प्रतीत हुन पुग्यो । यिनै कारणहरूले इतिहासकारहरूले सीमान्तकृतहरूको सवाललाई सीमान्तमा मात्र पारेनन्, यसप्रति उनीहरूको खासै ध्यानाकर्षण हुन सकेन । परिणाममा सीमान्तकृतहरूको इतिहास लेखिएन । सीमान्तकृतहरूको इतिहास लेखनको क्षेत्र व्यापक छ तर यसमा लेखन प्रयासहरु भने नगण्य छ ।

सामाजिक र भौगोलिक विविधताले नेपालको सौन्दर्य भरिपूर्ण छ तर यहीँ विविधताभित्र अनेकौं असमानता पनि छन् । ती असमानतालाई विभिन्न कोणबाट निरूपण गर्न प्राज्ञिक माध्यमबाट पनि प्रयास थाल्नुपर्ने ठूलो आवश्यकता छ । विकास र शान्तिका लागि सामाजिक असमानता ठूलो बाधक हो । समतामूलक समाज निर्माणका लागि विगतमा भएका कमजोरीको इतिहास बटुलेर त्यसलाई निफल्न जरुरी छ । विगतमा राज्यबाटै ऐन निर्माणका क्रमबाट भएका कमीकमजोरीले कतिपय जातिगत र सामाजिक समूह अहिले पनि सीमान्तकृत अवस्थामा गुज्रिएका छन् । त्यसैले सीमान्तकृतको छुट्टै इतिहास लेखनको क्षेत्रले पनि यथोचित प्रोत्साहन पाउन सकेन । नेपालको इतिहास भनेकै राजा महाराजाको गाथा हो भन्ने धारणालाई चिर्न पनि अब सीमान्तकृतको इतिहास लेखनले उचित वातावरणको खोजी गरिरहेको यस प्रसंगमा स्मरणीय छ ।

### नेपालको इतिहास लेखन

तत्कालीन इष्ट इन्डिया कम्पनीका कर्णेल विलियम कर्कप्याट्रिकले सन् १८११ (वि.सं. १८६८) मा प्रकाशित गरेको 'एन एकाउन्ट अफ द किङडम अफ नेपाल' नेपालका बारेमा लेखिएको पहिलो इतिहासको पुस्तक हो । उनी १८४९ सालमा नेपाल आएका थिए । एक महिनाजति नेपाल बस्दा उनले जे जति टिपोट गर्न भ्याए, त्यसैलाई उनले पुस्तकका रूपमा प्रकाशित गरे । त्यसको आठ वर्षपछि फ्रान्सिस हयामिल्टनले 'एक एकाउन्ट अफ द किङडम अफ नेपाल' (सन् १८१९) प्रकाशित गरे । नेपालको इतिहास लेखिएको यो दोस्रो पुस्तक हो ।

नेपालमा इस्ट इन्डिया कम्पनीको रेजिडेन्स खुलेपछि हयामिल्टन एक चिकित्सकका रूपमा नेपाल आएका थिए । त्यही मौकामा उनले नेपालको इतिहास बटुलेर पुस्तकको आकार दिए । विदेशी लेखकले नेपालको इतिहास प्रकाशित गरेको १०३ वर्षपछि १९७९ सालमा बल्ल एक नेपाली लेखक अम्बिकाप्रसाद उपाध्ययले 'नेपालको इतिहास' प्रकाशित गरे । भारतमा रहेर कानुनविद्का रूपमा काम गरिरहेको बेला उनले यो पुस्तक प्रकाशित गर्दा चन्द्रशमशेरले नेपालको शासन चलाइरहेका थिए । 'नेपाल देशका अधिपति', 'विष्णुको अंश' आदि विशेषणका साथ चन्द्रशमशेरलाई नै समर्पण गरिएको यो पुस्तक राणाहरूको प्रशंसाले भरिएको छ ।

राणाकालजस्तो त्यो अन्धकार युगमा पुस्तक प्रकाशित गर्नु एक जोखिमपूर्ण काम थियो । त्यस्तो जोखिमपूर्ण समयमा प्रा. तोत्रराज पाण्डे र पं नयराज पन्त मिलेर २००४ साल 'नेपालको संक्षिप्त इतिहास'को प्रकाशन भयो । त्यहीबेला भारतमा आएको नवजागरणले त्यहाँ रहेका नेपालीलाई पनि प्रभाव पारेको थियो । त्यसैबेला दार्जीलिङमा सूर्यविक्रम ज्ञवालीले द्रव्य शाह र पृथ्वीनारायण शाहको इतिहास लेखेका ज्ञवालीले 'भानुभक्तको जीवनी', 'अमरसिंह थापा', 'वीर बलभद्र' जस्ता इतिहास पनि लेखे । भानुभक्त आचार्य, अमरसिंह थापा, बलभद्र कुँवरहरू कुनै राजा महाराजा होइनन् । भुइँबाट उठेर देशको सेवा गर्ने यी व्यक्तित्वहरूको इतिहासको लेखनले त्यसबेलै इतिहास राजा महाराजाहरूको मात्रै हुँदैनन् भन्ने मान्यता स्थापित हुन पुगेको थियो । राणाशासनकै समयमा सिक्किमको गान्तोकमा रहेर इमानसिंह चेम्जोङले 'किरात इतिहास' लेखेर इतिहास लेखनको क्षेत्रमा अर्को आयाम थपे । उनले जातिगत र सामाजिक समूहको पनि छुट्टै इतिहास लेख्न सकिन्छ भन्ने अवधारणा त्यसबेलै प्रस्तुत गरेका थिए तर त्यसपछि लेखिएका इतिहासहरू राजा महाराजाकै सेरोफेरोबाट खासै मुक्त हुन सकेको देखिँदैन ।

### सीमान्तकृत समूह

राजा जयस्थिति मल्लको थितिलाई नेपालको प्रारम्भिक कानुनको प्रारूप मानिएको छ । वि.सं. १९१० मा जंगबहादुरले बनाएको मुलुकी ऐन नै नेपालको पहिलो लिखित कानुन हो । यो ऐनले नेपालका जाति र सामाजिक समूहलाई विभेदयुक्त ढंगले विभाजित गरेर एउटै अपराधमा जातिअनुसार कसैलाई धेरै र कसैलाई कम सजाय दिने व्यवस्था गर्‍यो ।

'छोइछिटो हाल्नुपर्ने अछूत' र 'छोइछिटो हाल्नु नपर्ने अछूत' भनी कानुनी रूपमा तोकेरै छुवाछूतलाई मुलुकी ऐनले मान्यता दियो भने 'मासिन्या मतुवाली' र 'नमासिन्या मतुवाली' भनेर समुदायमा अर्को विभेदको पर्खाल पनि मुलुकी ऐनले नै खडा गर्‍यो । आज यिनै जाति तथा समुदाय सीमान्तकृत अवस्थामा छन् । विगतमा गरिएका यस्ता कमीकमजोरीले कतिपय जाति तथा समुदाय सीमान्तकृत अवस्थामा छन् । उनीहरू आर्थिक, सामाजिक, शैक्षिकजस्ता सबै क्षेत्रमा पछौटेपन र अवसरविहीनताको सिकार बनेका छन् । उनीहरूको इतिहास पनि न्यायोचित ढंगले लेख्नु त कता हो कता, अग्रज इतिहासकारले यसप्रति गम्भीर भएर विचार गर्ने चेष्टासमेत गरेको पाइँदैन । त्यसैले पनि इतिहास भनेकै राजा महाराजाको गाथा भन्ने धारणा बलियो रूपमा स्थापित हुन पुगेको हो । यसले इतिहास विधालाई नै न्याय गरेको ठहर हुँदैन ।

### इतिहासको स्रोत

लिखित दस्तावेज नै इतिहासको मूल स्रोत हो । इतिहास भनेको विगतको घटनाको प्रामाणिक लेखन र प्रस्तुति हो । विगतमा लेखिएर सुरक्षित रूपमा राखिएका दस्तावेजहरूका आधारमा प्रामाणिक इतिहास लेखिन्छ । यसैगरी, सम्बन्धित घटनाका साक्षीले व्यक्त गरेको धारणाहरू पनि इतिहासका प्रमाणहरू हुन् ।

सीमान्तकृत समुदायको इतिहास लेखनको मूल समस्या भनेकै उनीहरूसँग सम्बन्धित लिखित दस्तावेजको अभाव हो । सीमान्तकृत समुदायमा अहिले पनि लेखन तथा दस्तावेजीकरणको अभाव छ भने विगतमा लेखन र दस्तावेजीकरणको परम्परा नै थिएन । इतिहासको महत्त्वपूर्ण स्रोतका रूपमा रहेका शिलालेख, भोजपत्र, लालमोहर, इस्तिहार, मुद्रा आदि विगतमा राजा, मुख्तियार वा भारदारहरूबाट प्रसारित हुने गर्थे । यस्ता सामग्रीमा तत्कालीन समाजका कुलीन र अधिकारसम्पन्न वर्गका सवालले मूलरूपमा प्राथमिकता पाउने गर्दा पनि सीमान्तकृत समुदायको इतिहास लेखनमा समस्या आएको हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

नेपाली लेखकको कलमबाट इतिहास लेखनको परम्परा सुरु हुँदा सम्बन्धित लेखकले तत्कालीन समयका शासकको गुणगानका प्रशस्त कलमको मसी खर्च गरेको प्रसंग माथि उल्लेख गरिसकिएको छ । नेपालमा राजतन्त्र सक्रिय रहँदासम्म पुराना ऐतिहासिक सामग्रीहरूको अध्ययनको पहुँच सहज पनि थिएन । यस्तो अहसज परिस्थितिमा राजदरबारको प्रतिकूल हुने गरी इतिहास लेख्नु जोखिमपूर्ण पनि थियो । त्यसैले नेपाली इतिहासकारहरूले सकेसम्म राजदरबारप्रति नरम भाषा प्रयोग गर्दै इतिहास लेख्दै जाँदा इतिहास भनेकै राजा महाराजाको गुणगान हो भन्ने प्रतीत हुन पुग्यो । यिनै कारणहरूले इतिहासकारहरूले सीमान्तकृतहरूको सवाललाई सीमान्तमा मात्र पारेनन्, यसप्रति उनीहरूको खासै ध्यानाकर्षण हुन सकेन । परिणाममा सीमान्तकृतहरूको इतिहास लेखिएन ।

हिजो सीमान्तकृतहरूको इतिहास लेखिएन भनेर अब लेखकहरूले कलम थन्क्याएर बस्न पनि भएन । सीमान्तकृतहरूको इतिहास लेखनको क्षेत्र व्यापक छ तर यसमा लेखन प्रयासहरू भने नगण्य छ । त्यसो त राजा महाराजाहरूबाट प्रसारित शिलालेख, लालमोहर, इस्तिहार, सनद आदिबाटै सीमान्तकृतहरूको ऐतिहासिक सवाल खोज्न नसकिने होइन । उदाहरणका लागि, तत्कालीन श्री ३ महाराज तथा प्रधानमन्त्री भीमशमशेरले १९८९ भदौ ६ मा जारी गरेको इस्तिहारलाई लिन सकिन्छ । यो इस्तिहारमा विगतमा तामाङ लेख्न नपाइने अवस्था रहेकामा अबदेखि भोटे नभनी तामाङ भनी लेख्ने बोलाउने गर्नू भन्ने उल्लेख छ । यसबाट विगतमा तामाङहरूले भोग्न परेको जातीय पहिचानकै इतिहासलाई खोतलखातल गर्न ठूलो सहयोग मिल्छ ।

यस्तै १८८८ कात्तिक सुदी १४ मा तत्कालीन राजाले दूधकोशी र बहादुरा खोला पूर्व र अरुण पश्चिम माझकिरातका तालुकदारहरूको नाममा जारी गरेको एक रुक्कामा राई, मझिया, किराती, मुर्मी आदिका प्रत्येक घरबाट हरेक वर्ष जनावरको छाला अनिवार्य संकलन गरी सरकारले सञ्चालन गरेको मेगेजिन अड्डामा दाखिल गर्न आदेश दिइएको छ । जनावरको छाला बुझाउन नसक्ने प्रत्येक घरबाट हरेक वर्ष दुई-दुई आनाको दरले दस्तुर उठाउन उल्लेख गरेकामा कामी र सार्कीको घरबाट आठ-आठ आना दस्तुर उठाउन आदेश दिइएको छ । यो आदेशबाट अहिले पनि दलित उत्पीडित अवस्थामा रहेका कामी र सार्कीहरूलाई राज्यबाट कस्तो आर्थिक उत्पीडन र शोषण परेको थियो भन्ने इतिहासको खोजी गर्न ठूलो सहयोग मिल्छ ।

### कसले लेख्ने इतिहास ?

इतिहास अनुसन्धानमा हात बसिसकेका इतिहासकारहरूले सीमान्तकृतहरूको इतिहास लेखिदिए अत्युत्तम हुने थियो । अझ इतिहास लेखनमा नाम चलेका र स्थापित इतिहासकारहरूले नै सीमान्तकृतहरूको इतिहास लेखिदिए त उनीहरूको नामसँगै सीमान्तकृतहरूको ऐतिहासिक सवालहरू सहजरूपमा स्थापित हुने थियो तर स्थापित इतिहासकारहरूले सीमान्तकृतहरूको इतिहासलाई आजसम्म त्यति महत्त्व दिएनन् । त्यसैले अब सीमान्तकृतहरू आफैं आफ्नो इतिहास लेखनका लागि तयार हुनु नै एक उत्तम विकल्प हुन सक्छ । गौतम बुद्धको भनाइ छ, 'अप्पो दीपो भवः' अर्थात् आफ्नो दीपक आफैं बन । आफ्नो इतिहासप्रति चिन्ता हुनेहरूले आफ्नो इतिहासको अन्वेषण र लेखन आफैं गर्न तत्पर हुनुपर्छ । अरूको भर परेर हुँदैन । *रासस*

*(लेखक इतिहास अध्ययन र लेखनमा सक्रिय छन्)*

## मनन्योग्य

### चाणक्य नीति

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैँ चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनु हुन्छ । किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने ।

विष्णुगुप्त पण्डित राधा मोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णुगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

क्रमशः

## पत्र-मञ्जुषा

# बैंक, वित्तीय संस्थाका पीडितले बोल्न पनि नपाउने हो ?

सरकारको पहिलो दायित्व आफ्नो भूमिको संरक्षण गर्नु हो । त्यसपछि जनता र उनीहरूको धनसम्पत्तिको सुरक्षा गर्नु हो । देशको भूभाग र जनताको संरक्षण गर्न सरकारले जनताले तिरेको करबाट तलबभत्ता दिएर नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीसँगै निजामती कर्मचारीकोसमेत व्यवस्था गरेको छ ।

विडम्बना, यत्रो कर्मचारी राख्दा पनि हाम्रो देशको अधिंकाश भूभाग छिमेकी देशहरूले कब्जा गरिसकेका छन् । कब्जा गरिएका ती भूभाग सरकारले अहिलेसम्म फिर्ता ल्याउन सकेको छैन । मुलुकमा रोजगारी नहुँदा करोडौं नेपाली जनता विदेशिएका छन् । तर, परदेशमा उनीहरूको अवस्था दयनीय छ । दिनरात नभनी रगत पसिना बगाएर काम गर्छन् । त्यहाँ उनीहरूमाथि शोषण गरिन्छ । यतिमात्र नभई कतिपय त विदेशी देशको जेलमासमेत कयौं वर्षदेखि बसिरहेका छन् । उनीहरूलाई गर्दै नगरिएको अपराधका लागि पनि फाँसीको सजाय सुनाइएको छ । सरकार जनताको अभिभावक हो ।

केही दिनअघि मन्त्रिपरिषद् बैठकले बैंक तथा वित्तीय संस्थाको विरोधमा बोल्नेलाई कारबाही गर्ने निर्णय गर्‍यो । तर, बैंक वित्तीय संस्थाका कारण उठीबास, बिल्लीबाठ भएका जनतालाई कसले न्याय दिने ? सहकारीका कारण करोडौं बचतकर्ताको बिचल्ली भएको छ । जीवनभर दुःख गरेर, खाइनखाई कमाएको पैसा सहकारीले खाइदिँदा आत्महत्या गर्न बाध्य भएका, मानिसहरू ।

अनि सहकारीले पैसा खाइदियो भनेर जनताले बोल्न पनि नपाउने ? सहकारीको विरोध पनि गर्न नपाउने ? पछिल्लो समय बैंकबाट कतिपय बचतकर्ताको एकाएक पैसा गायब भएको छ । बैंककै कर्मचारीहरूले बचतकर्ताको रकम चोरेको पाइन्छ । अनि आफूले बचत गरेको पैसा खाताबाटै गायब भएपछि त्यसको विरोधमा पनि जनताले बोल्न नपाउने ? बैंक, वित्तीय संस्थाले जे पनि गर्न पाउने अनि सर्वसाधारणलेचाहिँ त्यसको विरोध पनि गर्न नपाउने ? सरकारले जनताको आवाजमा अंकुश लगाउन पाउँदैन । किनकि बोल्न पाउने स्वतन्त्रता संविधानले नै प्रत्याभूत गरेको छ । अहिले करोडौं जनताको घरमा रुवाबासी छ ।

उनीहरूको घरबार उजडिएको छ । घर न घाटका भएका छन्, कयौं सर्वसाधारण । अनि बैंक, वित्तीय संस्थाले करोडौं सर्वसाधारणलाई यस्तो अवस्थामा पुर्‍याउँदा पनि सरकार बैंक, वित्तीय संस्थाकै हितमा निर्णय गर्ने ? के सरकार बैंक, वित्तीय संस्थाको मात्र हो ? बैंक, वित्तीय संस्थाका कारण मर्नुपर्ने अवस्थामा पुगेका जनताचाहिँ नेपाली होइनन् र ? अब यसको जवाफ सरकारले दिनैपर्छ ।

जनताले आफ्नो पैसाको सुरक्षा हुन्छ, एक-दुई पैसा ब्याज आउँछ भनेर बैंक, वित्तीय संस्थामा पैसा राखेका हुन् । तर बैंक, वित्तीय संस्थाका सञ्चालक, कर्मचारीहरूले कमिसन (घूस) खाँदै घरजग्गा, गाडी र सेयरमा कर्जा लगानी गरे । अनि अहिले यी क्षेत्रमा मन्दी आएपछि उनीहरू बचतकर्ताको रकम फिर्ता गर्न आलटाल गरिरहेका छन् । के हिजो बचतकर्ताले सबै कर्जा घरजग्गा, गाडी र सेयरमा गर्नु भनेर भनेका थिए ?

दलालीहरूले पाँच हजार रूपैयाँ आनाको जग्गा करोड पुर्‍याए । एक लाखको गाडी ३० लाख रूपैयाँसम्म पुर्‍याए । अनि १०० रूपैयाँको सेयर पाँच हजार रूपैयाँसम्म पुर्‍याए । फेरि यही क्षेत्रमा कमिसनको आडमा बैंक, वित्तीय संस्थाका सञ्चालक र कर्मचारीहरूले कर्जा लगानी गरे । अनि यसमा बचतकर्ताहरूको के दोष ? बैंक, सहकारीका सञ्चालक, कर्मचारीहरू घूसमा बिक्दा आज बचतकर्ताहरू डुबेका छन् । अहिले आम सर्वसाधारण सरकारलाई सोध्छन्, 'जनताको पैसा खाने बैंक, वित्तीय संस्थाका सञ्चालक, कर्मचारीलाई कारबाही गर्ने कि पीडित सर्वसाधारणलाई ?' आफ्नो पैसा डुबेपछि जनताले बोल्न पनि नपाउने ? सरकार जो चोर छ, उसकै पक्षमा निर्णय गरिरहेको छ । बैंक, सहकारीहरूले हिजो घूस खाएर आफूखुसी कर्जा लगानी गरे । र, अहिले उठाउन सकेनन् । यसमा बचतकर्ताको गल्ती छ ?

अहिले बजार मन्दीमा अयो । घरजग्गा, गाडी र सेयरको कारोबारमा गिरावट आयो । यसको मूल्य घट्यो । बैंक, सहकारीहरूले लिलाम गरेको धितो (घरजग्गा, गाडी र सेयर) चर्को मूल्यमा बेच्न पाएनन् । त्यसपछि उनीहरूले बचतकर्ताको रकम फिर्ता गर्न आलटाल गरिरहेका छन् । के हिजो घरजग्गा, गाडी र सेयरको मूल्य बढ्दा चाहिँ बैंक, सहकारीहरूले बचतकर्तालाई बढी ब्याज दिएका थिए ? ऋणीले ऋण तिर्न एक दिन ढिलो गरेमा धितो नै लिलाम गरिदिने अनि आफूहरूले बचतकर्ताको रकम वर्षौंसम्म पनि फिर्ता नगर्दा हुने ?

पछिल्लो समय कतिपय सहकारीहरूले बचतकर्ताहरूलाई पैसाको साटो घरजग्गा, गाडी र सेयर लिनुस् भनिरहेको सुनिन्छ । हिजो बचतकर्ताहरूले रकम नै फिर्ता आउँछ भनेर बचत गरेका हुन् । अनि अहिले आएर विभिन्न बहाना बनाए घरजग्गा, गाडी र सेयर भिडाउने ? त्यो पनि नलिए बचतकर्ताहरूको मुखमै उनीहरू पैसा फिर्ता गर्न सक्दैनौं भन्छन् । हिजोचाहिँ बचत गराउन एक वर्षमै बचत दोब्बर बनाएर फिर्ता गर्ने भन्ने अनि अहिलेचाहिँ जवाबावी घरजग्गा, गाडी र सेयर भिडाउन पाइन्छ ? फेरि यस्तो गर्ने बैंक, सहकारीलाई कारबाहीचाहिँ हुन्छ कि हुँदैन, सरकार ? बैंक, वित्तीय संस्था विरुद्ध बोल्दा कारबाही हुन्छ भने बचतकर्ताको रकम फिर्ता नगर्ने, जवाबावी महँगोमा घरजग्गा, गाडी र सेयर भिडाउन खोज्ने बैंक, वित्तीय संस्थाका सञ्चालक र कर्मचारीमाथिचाहिँ कारबाही हुन्छ कि हुँदैन, सरकार ?

बैंक, वित्तीय संस्था होस् या सरकार, सबै जनताको साथ, विश्वासले नै चल्ने हो । तर, जनताले नै विश्वास गर्न छोडेपछि कसरी बैंकवित्तीय संस्था चल्छन् ? जनताले चाहे भने सरकार पनि ढाल्न सक्छन् । त्यसकारण सरकार सचेत हुन जरुरी छ । जनताभन्दा ठूलो कोही छैन । अब सरकारले दलाल, माफियाको हितमा होइन, जनताको पक्षमा निर्णय गर्नुपर्छ ।

*– रुषा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**राना थारु महिलाको होली** | कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–१० झलारी बजारमा होली खेल्दै राना थारु समुदायका महिला । राना थारु समुदायले परम्परागत रूपमा एक महिनाभन्दा बढी समय होली खेलेर मनाउने गर्छन् । *तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

# नवनिर्मित विद्यालय भवन हस्तान्तरण नहुँदै जीर्ण

**सिमकोट (हुम्ला)–** सिमकोट गाउँपालिका–४ हिल्दुम गाउँमा निर्मित बालविकास आधारभूत विद्यालयको भवन हस्तान्तरण नहुँदै जीर्ण भएको छ । निर्माण कम्पनीले काम पूरा गरेको भए पनि उपभोक्ता समितिबाट ६५ हजार रूपैयाँ नपाउँदा भवन हस्तान्तरण हुन सकेको छैन । भवन निर्माण भएको छ वर्ष पूरा भएको छ । वि.सं. २०७५ मा १० लाख रूपैयाँमा निर्माण पूरा भएको हो ।

भवन निर्माणमा संलग्न मुक्म शाहीका अनुसार उपभोक्ता समितिबाट ठेक्का आफूले लिएर काम सके पनि बाँकी ६५ हजार रूपैयाँ माग्दा नदिएपछि भवन विद्यालयको नाममा हस्तान्तरण नगरेको बताए । उपभोक्ता समितिका अध्यक्ष अकिल शाही अहिले जिल्लाबाहिर भएको आफूसँग कामदारलाई दिने पैसा नभएको सचिव जयदेवी शाहीले बताए ।

अहिले उक्त भवनमा स्वास्थ्य एकाइ राखिएको छ । कामदारले पैसा नदिँदासम्म कसैलाई पनि भवन प्रयोग गर्न नदिने भने पनि गाउँवासीले पैसा दिलाइदिने निर्णय गरेर विद्यालयको भवन केही समयका लागि स्वास्थ्यलाई दिने निर्णय गरेका थिए । जीर्ण हुँदै गएको भवन हस्तान्तरण नहुँदै भत्कियो भने त्यसको जिम्वारी उपभोक्ता समितिले लिनुपर्ने मुक्म शाहीले बताए । *रासस*

### आङ खस्ने समस्याबाट पीडित बझाङका महिला

# महिला चिकित्सक पुगेपछि बल्ल उपचार

**चैनपुर (बझाङ)–** ५२ वर्षीया दूधकला सार्कीले आफ्नो जीवनको अध्याय नै समाप्त हुन लागेको ठानेकी थिइन् । यद्यपि उनलाई 'समयमा उपचार नभए बाँचुञ्जेल नछोड्ने' रोगले आफूलाई सताएको जानकारी थियो । उनी दशकभन्दा लामो समयदेखि आङ खस्ने समस्याबाट पीडित थिइन् ।

रोग र गरिबीसँग लड्दै आएकी दूधकलाको परिवारमा दैनिक जीवनयापनका निम्ति अन्नको जोहो नै चुनौतीको पहाड थियो भने उपचार कोरा कल्पनामात्र । सुरुमा रोगको बेवास्ता गरेकी उनले स्वास्थ्यमा जटिल समस्या भएपछि स्त्रीरोग विशषेज्ञ डा. कविता साहसँग सम्पर्क गरिन् । आङ खस्ने समस्याले पीडित उनले यसअघि पुरुष चिकित्सकलाई आफ्नो समस्या सुनाउन नसकेर ज्यान नै जोखिममा पारेकी थिइन् ।

रोगको निदानका निम्ति पटक-पटक जिल्ला अस्पताल पुग्ने तर पुरुष चिकित्सकलाई सोध्न नसकेर फर्कंदा रोगले च्याप्दै गएको थियो । 'धेरै पटक अस्पताल आएँ तर, आफ्नो समस्या डाक्टरलाई सुनाउन नसकेर फिर्ता भएँ,' उनी भन्छिन्, 'पुरूषै पुरूष भएपछि निकै अप्ठेरो लाग्ने रहेछ । महिला डाक्टरसँग पनि बल्ल समस्या राख्न सकें ।'

जयपृथ्वी नगरपालिका–९ की दूधकलाको पाठेघर र मूत्रथैलीमा समस्या थियो । गत साता डा. साहको टिमले शल्यक्रिया गरेर रोग निर्मूल पारेपछि भने सार्कीले पुनर्जीवन पाएको बताइन् । उनले भनिन्, '१० वर्षदेखिको समस्याले अब बाँचुञ्जेल छोड्दैन कि भन्ने लागेको थियो । खुसीको कुरा, भगवान् नै फेला परेजस्तो भयो ।' लामो समयदेखि हिँड्न, बस्न र पिसाब गर्दा हुने समस्या अहिले समाधान भएको उनले बताइन् । उनले भनिन्, 'मेरो समस्या सुनेर घरपरिवार मात्रै होइन, आफन्तसमेत हैरान भएका थिए । अहिले भने बिराम काटिएको भन्दै सबैको मुहारमा उज्यालो छाएको छ ।'

दूधकलाको जस्तै रोग लुकाएर बसेकी केदारस्यूँकी सुनिता विकको पनि गत महिना शल्यक्रिया गरिएको थियो । तल्लो पेट दुख्ने, महिनाबारी गडबडी हुने, महिनावारी हुँदा रगत धेरै बग्नेलगायत समस्याबाट ग्रसित उनको शल्यक्रिया गरेपछि उनले पनि समस्याबाट मुक्ति पाएकी छन् ।

जिल्लामा अधिकांश महिलाले आफ्नो रोग लुकाएर बसेको डा. साहको बुझाइ छ । 'महिलाले आफ्नो समस्या नखोलेरै कतिपयको ज्यान पनि गइसकेको पनि हुनसक्छ । सदरमुकाममा बस्ने महिला नै आफ्नो समस्या लुकाएका देखिए भने गाउँघरमा कति होलान् !,' उनले भनिन् ।

डा. साहका अनुसार अस्पतालमा आउने महिलाले महिलासँगै मात्रै आफ्नो समस्या सुनाउने रहेछन् । 'म आएको दुई महिना हुन लाग्यो । दिदीबहिनीहरू मसँगसमेत आफ्नो समस्या सुनाउन अप्ठेरो मान्नुहुन्छ । पुरुषको त झनै नजरमै पर्न चाहनुहुन्न,' यसरी नै धेरै महिलाले रोग पालेको हुनसक्ने उनको अनुमान छ ।

दुई महिनाको बीचमा डा. साह आएदेखि दुईजना महिलाको सफल शल्यक्रिया भइसकेको छ । 'म आएदेखि दुई जनाको शल्यक्रिया सफल भयो । एक जनाको अर्को साता गर्ने तयारी छ,' उनले भनिन् ।

डा. साह गाउँघरमा चेतनाको अभावमा महिलाले रोग पालेका बताइन् । 'जिल्ला अस्पतालमा आउने ८० प्रतिशत महिलाले आफ्नो समस्या कसैलाई नसुनाएका देखियो । आफ्नो समस्या कसैलाई सुनाउँदा बेइज्जत हुने डरले कसैलाई नभन्ने रहेछन् । आजभोलि भने महिला स्वास्थ्यकर्मीसँग खुल्ने भएका छन्,' उनले भनिन् ।

डा. साह बझाङ आएपछि भने बिरामीहरूले केही आशा पलाएको छ । आफ्नो समस्या सुन्ने र समाधान गरिदिने भन्दै बिरामी महिलाहरू तथा उनीहरूका आफन्तहरूले प्रशंसा गर्ने गरेको अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट डा. धिरज विशंखले बताए । उनले भने, 'महिलाको शल्यक्रिया निकै जटिल प्रकृतिको भए पनि अस्पतालका सम्पूर्ण स्वास्थ्यकर्मीको टोलीले सफल पारेको छ ।' उनका अनुसार जिल्लामा नै पाठेघर र मूत्रथैलीको शल्यक्रिया पहिलोपटक भएको हो । जुनसुकै शल्यक्रियाका लागि अन्यत्र सिफारिस गर्नुपर्ने अवस्था रहेको जिल्ला अस्पतालमा अब शल्यक्रिया सेवा प्राप्त हुन बझाङबासीकै लागि खुसीको कुरा भएको उनले बताए ।

डा. विशंखका अनुसार जिल्लामा यसअगाडि महिला विशेषज्ञ डाक्टर आए पनि पाठेघरसम्बन्धी शल्यक्रिया हुन सकेको थिएन । डा. साह आइसकेपछि भने दुईवटाको शल्यक्रिया भइसकेको उनले बताए । *रासस*

## रोकिएको तीन महिनापछि सुरू भयो अस्पताल भवनको काम

खोटाङ (प्रस)– जिल्ला अस्पताल खोटाङलाई ५० शयचामा स्तरोन्नति गर्नेगरी भवन निर्माणको काम पुनः प्रारम्भ भएको छ । गत पुसदेखि भवन निर्माणको काम रोकेर सम्पर्कविहीन भएको निर्माण कम्पनी श्यामसुन्दर रामसागर नेपाल फूलबारी जेभीले तीन महिनापछि पुनः काम सुरु गरेको हो ।

विनाजानकारी सम्पर्कविहीन भएको ठेकेदार तीन महिनापछि निर्माणस्थल फर्किएसँगै निर्माणाधीन अस्पताल भवनको प्लास्टरलगायतका भित्री काम सुरु भएको अस्पताल व्यवस्थापन तथा विकास समितिका अध्यक्ष एवं जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राईले बताए । 'ठेकेदारले पर्खाल, गेटसम्मको सडकलगायतका काम केही दिनभित्र थाल्ने बताएका छन् । रोकिएको काम पुनः सुरु गरेकाले केही आशा पलाएको छ,' उनले भने, 'सम्झौताअनुसार गत पुस २४ गते नै भवन निर्माण सम्पन्न हुनुपर्थ्यो । तोकिएको समयमा सम्पन्न नभएपछि थप १५ महिना म्याद थप भएको छ । सम्भवतः बाँकी समयमा सम्पन्न हुने छ ।' लामो समयसम्म १५ शयचामा सञ्चालन हुँदै आएको जिल्ला अस्पताललाई ५० शयचामा स्तरोन्नति गर्ने सरकारको नीति तथा कार्यक्रमअनुसार भवन निर्माण सुरु गरिएको हो । निर्माणको काममा ढिलासुस्ती हुँदा अस्पतालको सेवा प्रवाह प्रभावित भइरहेको छ । ठेकेदार कम्पनीले ३० महिनामा सक्नेगरी २०७८ असार २४ गते अस्पताल भवन निर्माणको ठेक्का सम्झौता गरेको थियो ।


**इटहरी उपमहानगरपालिका**
**नगर कार्यालालिकाको कार्यालय**
**इटहरी, सुनसरी**
**कोशि प्रदेश, नेपाल**

**इटहरी उपमहानगरपालिका कार्यालयको जनहितमा जारी सन्देश**

**सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत सम्भारले भेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।**

**त्यसैले :**

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अवरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनौं ।
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL FAJER FACILITIES MANAGEMENT L.L.C.

पूर्व स्वीकृति मिति २०८०/१२/१० | LT. No. 302393 | चलानी नं. ६०२१७१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 50 | 900 | ३२,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १९ गते (1st Apr. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PREMIUM HR Govt. License 1631/080/081

**PREMIUM HUMAN RESOURCE**
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np



**मलेशियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : LEONG HENG ENGINEERING WORK

पूर्व स्वीकृति मिति २०८०/१२/१० | LT. No. 302429 | चलानी नं.६०२१७१४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १९ गते (1st Apr. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : COMPANY FARSAN NAJD SPORT

पूर्व स्वीकृति मिति २०८०/१२/१० | LT. No. 302386 | चलानी नं. ६०२१७१३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 4 | 0 | 1000 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १९ गते (1st Apr. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Aarambha H R Services Pvt.Ltd**
Govt.Lic. No. 1241/074/075
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com
Website : www.aarambhahr.com



**कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : BOARDING RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०८०/१२/१० | LT. No. 302418 | चलानी नं. ६०२१७१४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 6 | 0 | 140 | ६०,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

कम्पनी : ODE EATERY RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०८०/१२/१० | LT. No. 302353 | चलानी नं. ६०२१७१४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 4 | 0 | 140 | ६०,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DEEM FOR MEDICAL AND LABORATORY EQUIPMENT REPAIRING EST

पूर्व स्वीकृति मिति २०८०/१२/१० | LT. No. 302428 | चलानी नं. ६०२१७१४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 6 | 0 | 1400 | ५०,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician Assistant | 8 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 3 | Messenger | 0 | 5 | 1300 | ४७,१५५ | | | | | | | |
| 4 | Sales Manager | 1 | 0 | 1700 | ६१,६६५ | | | | | | | |
| 5 | Sales Officer | 0 | 5 | 1500 | ५४,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १९ गते (1st Apr. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9844078232, 9844078232
9823810701, 9746850593 E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

## रूपशाला

### पूजाको 'रावायण' भदौ २१ मा

फिल्म 'रावायण' २०८१ भदौ २१ गते प्रदर्शनमा आउने भएको छ । निर्माण युनिटले फागु पूर्णिमाको शुभकामना सहित फिल्मको प्रदर्शन मिति सार्वजनिक गरेको हो । सुदर्शन थापा प्रोडक्शन र पूजा शर्मा प्रोडक्शनको संयुक्त ब्यानरमा बन्ने फिल्म सुदर्शन थापा र पूजा शर्मा मिलेर निर्माण गर्न लागेका हुन् । फिल्ममा पल शाह, पूजा शर्मा, प्रियंका कार्की, प्रमोद अग्रहरी, निकीता चण्डक, प्रकाश शाह, कैलाश रावल, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदीप ढकालको अभिनय रहनेछ । चैतका तेस्रो साताबाट छायांकनमा निस्कने फिल्ममा शिवम् अधिकारीको लेखन, सौरभ लामाको छायांकन, विक्रम स्वार र रामजी लामिछानेको कोरियोग्राफी र श्री श्रेष्ठको एक्सन रहनेछ ।





# दर्शक भेट्न हलमा 'महाजात्रा' टिम



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'जात्रा' र 'जात्रै जात्रा' पछि षट्कोण आर्ट्सले निर्माण गरेको यस्तो तेस्रो भाग 'महाजात्रा' को बम्पर सुरुआत भएको छ । चैत ९ गतेदेखि नेपालसँगै विश्वभर एकसाथ प्रदर्शन भइरहेको फिल्म दर्शकको भिडभाड हलमा देखिएको छ ।

प्रदर्शनको पहिलो र दोस्रो दिन उपत्यका र मोफसलमा रहेका मल्टिप्लेक्समा प्राय शोहरू हाउसफुल छ । हलमा फिल्म हेरिरहेका दर्शकसँग साक्षात्कार गर्न निर्देशक प्रदीप भट्टराई, अभिनेता हरिवंश आचार्य, विपिन कार्की, रवीन्द्रसिंह बानियाँ, रवीन्द्र झा, वर्षा राउत लगायत पुगेका छन् । उनीहरूले दर्शकबाट शत प्रतिशत सकारात्मक 'वर्ड अफ माउथ' पाएका छन् ।

दर्शकबाट प्राप्त प्रतिक्रियाले आफूसहित टिमलाई हौसला मिलेको अभिनेता हरिवंश आचार्यले बताए । 'नेपाली फिल्म चल्नु पर्छ । यो मनोरञ्जनसँगै भाषा र संस्कृतिसँग जोडिएको विषय हो । हलमा पुगेर दुई दिन नै प्रतिक्रिया लिदा सबैले तारिफ गर्नुभएको छ', अभिनेता आचार्यले भने,'मैले निर्वाह गरेको भूमिकाले नेताहरूलाई संदेश पनि दिएको छ । सच्चिने की सकिने ? भन्ने एउटा प्रश्न पनि मेरो पात्रले उठाएको छ ।'

अभिनेता आचार्यले आज होलीको दिन पनि विभिन्न हलमा पुगेर दर्शकसँग साक्षात्कार गर्ने तालिका रहेको बताए । प्राप्त शो र दर्शकबाट प्राप्त सकारात्मक 'वर्ड अफ माउथ' फिल्मले प्रदर्शनको पहिलो दिन एक करोड २३ लाखको ग्रस कलेक्सन गरेको छ । दोस्रो दिन शनिवार यो आकडामा राम्रै वृद्धि हुनेमा दुईमत छैन् । दर्शक प्रतिक्रिया लिईरहेका अभिनेता रवीन्द्रसिंह बानियाँले दर्शकले पहिलो हाफमा रहेको कमेडी र दोस्रो हाफमा रहेको राजनीतिक विषयलाई दर्शकले रुचाउनु भएको बताए ।

'यसपटक फिल्मलाई मनोरञ्जनमा मात्र सिमित नराखी राष्ट्रिय विषयलाई उठाएका थियौं । सोही कारण जात्राबाट यसपटक महाजात्रा भयो । दर्शकले दुवै पक्षलाई रुचाउनु भएको छ । हामी दर्शकबाट सफल भएका छौं । उहाँहरूले नै फिल्म हेर्न सिफारिस गरिरहनु भएको छ', अभिनेता बानियाँले भने,'हामीले दर्शकबाट पाइरहेको आशिर्वादले हाम्रो १४ महिनाको दुखलाई भुलाएको छ ।

अभिनेता विपिन कार्कीले दर्शकले फिल्मका पात्रको सुखदु:खलाई पर्दा बाहिर पनि महसुश गरेको बताए । 'मसँगै जोएश र मुन्नाको सुखदु:खमा दर्शक पनि उस्तै भावमा पाएँ । पात्रसँग दर्शकलाई जोड्न सक्नु हाम्रो सफलता हो । मलाई मुख्य अभिनेता बनाउने जात्रा शृङखला मेरा लागि सधैं खास छ । यो फिल्म हेर्दा समय र पैसाको सदुपयोग हुन्छ भन्नेमा विश्वस्त हुन् दर्शकलाई आग्रह गर्दछु', अभिनेता कार्कीले भने ।

फिल्म युनिट आइतबार पनि दिउसोको शोदेखि दर्शकसँग हलमा पुगेर भेटघाट गर्दैछ । दर्शकको चाँप बढ्नुका साथै सकारात्मक प्रतिक्रिया आएपछि प्रदर्शकले शो सङ्ख्या बढाएका छन् । आइतबारका दिवा शो देखि दर्शकको उपस्थिति बलियो देखिएको छ ।

आपतकालीन रूपमा आइपर्ने पैसा व्यवस्थापन गर्ने अवसर र त्यसले निम्त्याउने समस्यालाई रोचक शैलीमा प्रस्तुत गरिने 'महाजात्रा'मा हरिवंश आचार्य, विपिन कार्की, रविन्द्रसिंह बानियाँ, वर्षा राउत, अर्जुनजंग शाही, प्रकाश घिमिरे, राजाराम पौडेल, प्रवीण खतिवडा, दिव्यदेव, सुमन कार्की, शिशिर बाङ्देल, गौमाया गुरुङ, अरविन खड्का लगायतको अभिनय रहेको छ । फिल्ममा म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेल निर्माता छन् ।

## 'ग्लोबल नेपाली फिल्म अवार्ड' न्युयोर्कमा

**काठमाडौं (प्रस)–** 'ग्लोबल नेपाली फिल्म अवार्ड'को सातौं संस्करण अमेरिकाको न्युयोर्कमा आयोजना हुने भएको छ । 'नेपाली चलचित्र गाउँदेखि विश्वसम्म' भन्ने नारासहित सन् २०१६ बाट सुरु भएको अवार्ड आगामी सेप्टेम्बर २८ तारिखमा न्यूयोर्कमा आयोजना हुने भएको हो ।

चलचित्रकर्मीलाई सम्मान पुरस्कार र सम्मान मार्फत प्रोत्साहन दिने उद्देश्यले 'ग्लोबल नेपाली फिल्म अवार्ड' आयोजना हुँदै आएको आयोजक नेपाल फिल्म सोसाइटीका केन्द्रीय अध्यक्ष अभिनेता कृष्ण मल्लले बताए ।

एटिए एभरेष्ट इन्स्योरेन्स, एजेण्ट अल स्टेट इन्स्युरेन्स कम्पनी, त्रिवेणी इन्टरटेनमेन्ट एलएलसी न्यूयोर्कको समेत सहकार्य अवार्डमा रहने ग्लोबल नेपाली फिल्म अवार्डका अध्यक्ष नवराज श्रेष्ठले जानकारी दिए ।

कोलोराडो, सन् फ्रान्सिस्को र न्यूयोर्क गरेर ६ संस्करण सम्पन्न गरिसकेको अवार्डको उद्देश्य अमेरिकामा नेपाली फिल्मको प्रवर्द्धन, नेपाली कलाकार तथा अमेरिकावासी नेपाली जनसमुदायहरूबिच प्रत्यक्ष साक्षात्कार, कलाकार र अमेरिकामा बस्ने कलाकर्मीहरूको पुनर्मिलन लगायतको रहेको छ । नेपालबाट समेत विभिन्न कलाकर्मीको सहभागिता रहने अवार्डले संसारभर छरिएर रहेका नेपाली चलचित्रकर्मी तथा कलाकारहरूलाई एउटै स्थानमा जमघट गराएर नेपाली मौलिक कला, संस्कृतिलाई संसारभर परिचित गराउने विश्वास मल्लको रहेको छ ।

अवार्डको लागि छनौट समिति छिट्टै गठन हुने र चलचित्र दर्ता प्रक्रिया समेत अगाडि बढ्ने आयोजक फिल्म सोसाइटीले जनाएको छ । अवार्डमा प्रेस संयोजक सूर्य चन्द रहेका छन् ।

# होलीको मौकामा सरिताको फोटो सुट



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायिका सरिता भारतीले यतिबेला अर्को नयाँगीत कुर्था सुरुवाल...को रेकर्डिङ गरेकी छिन् । यो गीतलाई यही महिनाको अन्त्यमा रिलिज गर्ने उनले बताएकी छिन् । केही महिना अघि आफ्नो नयाँ गीत जिस्केर मस्केर... बजारमा ल्याएकी थिइन । यसपछि आफु र डेभिड शँकरको स्वरमा रहेको नयाँ गीत छुकछुके रेलैमा...लाई आगामी बैशाखमा सर्वजनिक गर्ने पनि सरिताले जानकारी गराएकी छिन् ।

यसै क्रममा यो वर्षको फागुपूर्णिमालाई लक्षित गरेर गायिका सरिताले 'होली' विशेष फोटोसुट गरेकी छिन् । वर्षदिनमा एउपटक आउने फागुपूर्णिमाको अबसर पारेर यो फोटोसुट गरेको उनले बताएकी छिन् । रँगहरूको पर्व होलीको दिन आज आईतबार सरिताको विभिन्न साँगीतिक कार्यक्रम रहेको छ । तीन महिना यताबाट गायिका सरिताले एक दर्जन महोत्सब तथा विभिन्न कार्यक्रममा आफ्नो गीत प्रस्तुत गरिसकेकी छिन् । गतासाता मात्र सुर्खेतको कर्णाली एक्पो सुर्खेत महोत्सबमा पुगेर उनले गीत प्रस्तुत गरेकी थिईन् ।

बिगत एक दशकदेखि गायनमा सक्रिय सरिताले 'मेरो जवानी' गीत रेकर्ड गरेर गायन यात्रा सुरु गरेकी हुन् । यसपछि उनको तीन दर्जन भन्दाबढी गीतहरू बजारमा आईसकेका छन् । लुडो र तास, रातो सारी लरक्कै, यसपालीको दशैं, हे गाजली, असारैमास झरी, अँधेरीमा थिएँ, चिया पकाउन साईली, बजाईदेउन बाजा, मेरो मायाँ भनी, तिम्रो मायाँले न हो जस्ता थुप्रै चर्चित गीतहरू सरिताले दर्शक श्रोतामाझ ल्याईसकेकी छिन् ।

## रंगशाला

**जीतपुर सिमरा क्रिकेट कप**

# पर्सालाई हराउँदै मकवानपुर च्याम्पियन



■ प्रभाव संवाददाता

**बारा–** प्रथम जीतपुरसिमरा क्रिकेट कपको उपाधि मकवानपुर क्रिकेट संघले जितेको छ । जीतपुरसिमरा ४ स्थित सेज क्रिकेट मैदानमा शनिबार सम्पन्न फाइनल खेलमा पर्सा क्रिकेट संघलाई ७ विकेटले पराजित गर्दै मकवानपुरले उपाधि उचालेको हो ।

टस जितेर ब्याटिङ रोजेको पर्सालाई कम स्कोरमा रोक्दै उपाधि उचाल्ने क्रममा मकवानपुरले सानदार प्रदर्शन गरेको थियो । समूह 'ए' विजेता बन्दै फाइनलमा प्रवेश गरेको पर्साले पहिले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा सम्पूर्ण विकेट गुमाउँदै ९० रन जोडेको थियो ।

पर्साका लागि सुरज पटेलले ४५ र हासिम अंसारीले १० रन बनाउँदा अन्य ब्याटरले दोहोरो संख्यामा रन बनाउन सकेनन् । पर्सालाई सस्तैमा रोक्ने क्रममा मकवानपुरका अशिम श्रेष्ठले तीन, पियुश शर्माले दुई, बिशाल फुयाल र रोहित ठाकुरले समान एक-एक विकेट लिए ।

पर्साले दिएको ९१ रनको लक्ष्य लिएर मैदानमा उत्रिएको मकवानपुरका लागि तक्षक सिम्खडाले ३०, बिशाल फुयालले १५ र सक्षम बस्ताकोटीले अविजित १४ रन बनाए । पर्साका लागि सम्साद मन्सुरीले तीन विकेट लिए ।

उपाधि विजेता मकवानपुरले एक लाख प्राप्त गरेको छ भने उपविजेता पर्साले ५० हजार नगद पाएको छ । यसैगरी मकवानपुरका शुभ कंसाकार प्लेयर अफ दि टुर्नामेन्ट र बेस्टर ब्याटर घोषित भएका छन् भने खुकुरी क्रिकेट क्लब भैरहवाका सन्तोष यादव बेस्ट बलर घोषित भए । फाइनल खेलको प्लेयर अफ दि म्याचको पुरस्कार मकवानपुरका विशाल फुयालले प्राप्त गरेका छन् ।

विजेता तथा उपविजेता खेलाडीलाई पूर्व युवा तथा खेलकुद मन्त्री एवम् संविधान सभाका सदस्य पुरुषोत्तम पौडेल, संविधान सभाका सदस्य जयराम दहाल, मधेस प्रदेशसभा सदस्य देवनारायण चौधरी, नेकपा एमाले मधेस प्रदेश सचिव मनोज पौडेललगायतले पुरस्कार वितरण गरेका थिए । समापन समारोहमा आयोजकले सिमरा महिला क्रिकेट क्लबका पूर्व प्रशिक्षक विष्णु लामिछानेसहित महिला क्रिकेटर, सिमरा क्रिकेट क्लबका पूर्व कप्तान नाजिर हुसेनलाई सम्मानित गरिएको थियो ।

प्रतियोगिता संयोजक सोमलाल बम्जनको अध्यक्षतामा सम्पन्न पुरस्कार वितरण समारोहमा जीतपुरसिमरा २ का वडाध्यक्ष धनबहादुर श्रेष्ठ, वडा नं. १४ की वडाध्यक्ष चयन गुरुङ, ५ का वडाध्यक्ष दीपेन्द्र चौधरी, १३ का वडाध्यक्ष हेमनारायण चौधरी, कार्यपालिका सदस्य अर्जुन रसाईली, जीतपुरसिमरा ३ की कार्यबाहक वडाध्यक्ष माया विक, मधेस प्रदेश क्रिकेट संघका कोषाध्यक्ष सुवास जयसवाल, एमाले नेता किशोर शर्मा, अमृतलाल श्रेष्ठ, रवीन्द्र खकुरेल, बरुण गौतम, आयोजक अभियान नेपालका संरक्षक त्रिलोक बिक्रम शाह, अध्यक्ष लक्ष्मी तिमिल्सिनालगायतको सहभागिता रहेको थियो । अभियान नेपालको आयोजना र जीतपुरसिमरा उपमहानगरपालिकाको सहयोगमा आयोजित प्रतियोगितामा ६ टिमले सहभागिता जनाएका थिए ।

# 'दोस्रो रामेछाप कप फुटसल'को उपाधि एलबिआरवाइसीलाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** लिखु भुजी रामेछाप युवा क्लब (एलबिआरवाइसी) ले 'दोस्रो रामेछाप कप फुटसल प्रतियोगिता'को उपाधि जितेको छ ।

काठमाडौंको कपनमा आइतबार भएको फाइनल खेलमा अखिल क्रान्तिकारीलाई ८-२ गोलले पराजित गर्दै एलबिआरवाइसीले उपाधि जितेको रामेछाप-काठमाडौं पत्रकार समाजका महासचिव प्रज्वल पौडेलले जानकारी दिए ।

यसैगरी लिखु भुजी रामेछाप युवा क्लब (लिभुरा) ले तेस्रो स्थान हासिल गरेको छ। साथीको चिया अड्डालाई ६-४ गोल अन्तरले पराजित गर्दै लिभुराले तेस्रो स्थान हासिल गरेको हो । महासचिव पौडेलका अनुसार उपाधिसँगै लिखु भुजी रामेछाप युवा क्लब (एलबीआवाईसी) ले शिल्डसहित ५० हजार नगद प्राप्त गरेको छ। यस्तै,



दोस्रो भएको अखिल क्रान्तिकारीले ३० हजार र तेस्रो भएको लिखु भुजी रामेछाप युवा क्लब (लिभुरा) ले २० हजार रूपैयाँ, मेडल पुरस्कार प्राप्त गरेका छन् ।

रामेछाप-काठमाडौं पत्रकार समाजले आयोजना गरेको प्रतियोगितामा आयोजकसहित रामेछाप जिल्ला भरिबाट १७ टोलीले सहभागिता थियो । सहभागी टोलीलाई आठ समूहमा विभाजन गरी लिगकम नकआउट प्रतियोगिता शनिबार र आइतबार सञ्चालन गरिएको थियो । रामेछाप जिल्लाबाट काठमाडौं उपत्यकामा रहेका व्यक्ति तथा संस्थालाई लक्षित गरी फुटसल प्रतियोगिताको आयोजना गरिएको हो ।

विजेता टोली र खेलाडीहरूलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ, नेपाल प्रेसका प्रधानसम्पादक मात्रिका पौडेल, नेपाल खेलकुद महासंघ (नेकोस) बागमती प्रदेश कमिटीको अध्यक्ष सीताराम कार्की लगायतले पुरस्कार वितरण गरेका थिए । प्रथम संस्करणमा लिखु भुजी युवा क्लब रामेछापलाई ट्राइब्रेकरमा २-० ले पराजित गर्दै अनेरास्ववियुले उपाधि जितेको थियो ।

**आयरल्याण्ड ए-नेपाल ए क्रिकेट**

# टी–२० र एकदिवसीयका लागि नेपालको टिम घोषणा

**काठमाडौं (प्रस)–** नेपाल क्रिकेट संघ (क्यान)ले आयरल्याण्ड ए सँग खेल्ने नेपाल ए टिमको घोषणा गरेको छ । नेपाल ए टिमले आयरल्याण्ड ए टिमसँग टी-२० र एकदिवसीय सिरिज खेल्दै छ । नेपाल ए ले मार्च २८ , २९ र ३१ मा आयरल्याण्ड ए सँग टी-२० सिरिज र अप्रिल ३, ५ र ७ मा एकदिवसीय सिरिजका खेल्ने तालिका रहेको छ ।

त्यसअघि नेपालको राष्ट्रिय टिमले आयरल्याण्ड ए सँग मार्च २५ र २६ मा टी-२० खेल खेल्ने तालिका रहेको छ ।

**टी-२० सिरिज खेल्ने नेपाली ए टिम :**

विनोद भण्डारी (कप्तान), लोकेस बम, देव खनाल, पवन सराफ, किरण ठगुन्ना, आरिफ सेख, अर्जुन घर्ति, नारायण जोशी, बशीर अहमद, रसिद खान, सागर ढकाल, विपिन खत्री, कमल सिंह ऐरी, हेमन्त धामी र विकास आग्री रहेका छन् ।

**एकदिवसीय सिरिज खेल्ने नेपाल ए टिम :**

विनोद भण्डारी (कप्तान), अर्जुन कुमाल, देव खनाल, नरेन भट्ट, भिम सार्की, अर्जुन साउद, आरिफ सेख, बशीर अहमद, कमल सिंह ऐरी, शदाब आलम, रंजित कुमार, रूपेश सिंह, रिजन ढकाल, बिकास आग्री र मौसम ढकाल रहेका छन् ।



थाइल्याण्डमा होली | थाइल्याण्डको पटायामा आइतबार होली पर्व मनाउने क्रममा मानिसहरू । तस्बिरः सिन्हवा

# क्रिमियास्थित दुई रूसी जहाजमाथि युक्रेनको आक्रमण

**किएभ (युक्रेन)–** क्रिमियाली क्षेत्रमा तैनाथ दुई रूसी सैन्य जहाजमाथि शनिबार राति आक्रमण गरेको युक्रेनले दाबी गरेको छ । सञ्चार केन्द्र र ब्ल्याक सी क्षेत्रका धेरै पूर्वाधारहरूमा सफलतापूर्वक प्रहार गरेको समुद्र, जमिन र आकाशमा आक्रमण गर्न रूसी सेनालाई सघाउने जहाज 'यामाल' र 'अजोभ' लाई आक्रमण गरेको युक्रेनी सशस्त्र बलको रणनीतिक सञ्चार केन्द्रले आइतबार जनाएको छ ।

रूसले सन् २०१४ मा कब्जा गरेको उक्त प्रायद्वीपमा शनिबार राति युक्रेनको ठूलो हवाई आक्रमणलाई आफ्नो सेनाले प्रतिकार गरेको मस्कोस्थित रूसी अधिकारीहरूले बताएका छन् ।

रूसले नियुक्त गरेको सेवस्तोपोलका गभर्नर मिखाइल रज्भोझायेभले टेलिग्रामपोस्टमा लेखेका छन्, 'यो पछिल्लो समयको सबैभन्दा ठूलो आक्रमण हो ।' उनका अनुसार आक्रमणका क्रममा ६५ वर्षीय एक पुरुषको मृत्यु भएको छ भने चारजना घाइते भएका छन् । उनले रूसी युद्धपोतमा कुनै क्षति भएको वा नभएको भन्ने विषयमा केही बताएनन् ।

सामाजिक सञ्जालमा साझा गरिएको फुटेजमा सहरमा ठूलो विष्फोट भएको, आगोको गोला र कालो धुवाँको मुस्लो हावामा उडिरहेको र रूसी हवाई प्रतिरक्षाले भित्रिने प्रक्षेपणलाई रोकेको देखिएको छ । युक्रेनले युद्ध सुरु भएदेखि नै रूसको 'ब्ल्याक सी' क्षेत्रको करिब एकतिहाइ भाग नष्ट गरेको दाबी गर्दै आएको छ ।

भूउपग्रहबाट प्राप्त तस्बिरमा रूसले आफ्ना अधिकांश जहाजलाई पूर्वतर्फ नोभोरोसिस्क बन्दरगाहमा सारेको देखिएको छ । मस्कोले हालै आफ्नो नौसेना प्रमुखलाई हटाएको छ । युक्रेनको राजधानी किएभ र पश्चिमी क्षेत्र एल्भिभमा पनि आइतबार बिहानै रूसी हवाई आक्रमण भएको अधिकारीहरूले बताएका छन् ।

युक्रेनको वायु सेनाका अनुसार रूसले आफ्नो भूमिमा २९ वटा क्रुज क्षेप्यास्त्र र २८ वटा ड्रोन प्रहार गरेको छ । उसले १८ वटा क्षेप्यास्त्र र २५ वटा ड्रोन खसालेको जनाएको छ । रूसले हालैका दिनहरूमा युक्रेनविरुद्ध आफ्नो हवाई आक्रमणलाई उल्लेखनीय रूपमा बढाएको छ, जुन उसको सीमावर्ती क्षेत्रहरूमा युक्रेनी आक्रमणको लहरको प्रतिशोध हो ।

मस्कोले युक्रेनको ऊर्जा क्षेत्रमा युद्ध सुरु भएयताकै सबैभन्दा ठूलो हवाई आक्रमण (करिब ९० वटा क्षेप्यास्त्र र ६० वटा ड्रोन प्रहार) गरेको थियो । रूसले पनि किएभलाई लक्षित गरी पुनः आक्रमण सुरु गरेको छ र फेब्रुअरीको सुरुदेखि नै यस सहरमा पहिलोपटक आक्रमण गरेको छ ।

युक्रेनी सैन्य प्रशासनका किएभ प्रमुख सर्गी पोप्कोले रूसले कुनै पनि हालतमा किएभलाई नष्ट गर्ने आफ्नो लक्ष्यलाई निरन्तरता दिइरहेको बताएका छन् । *रासस/एएफपी*

# जापानी सम्राट नारुहितोले जुनमा बेलायत भ्रमण गर्ने



**टोकियो–** जापानका सम्राट नारुहितो र साम्राज्ञी मासाकोले आगामी जुन महिनाको अन्त्यतिर करिब एक साताका लागि बेलायतको भ्रमण गर्ने भएका छन् । बेलायती राजा चार्ल्स तृतीयले 'आफू पनि क्यान्सरसँग लडिरहेको' बताएको केही सातापछि वेल्सकी राजकुमारी क्याथरिनलाई क्यान्सर भएको शुक्रबार खबर सार्वजनिक भएको थियो ।

सन् २०२२ को सेप्टेम्बरमा महारानी एलिजाबेथ द्वितीयाको राजकीय अन्त्येष्टिमा भाग लिन बेलायत गएका जापानी शाही दम्पतीको त्यसपछिको यो पहिलो बेलायत भ्रमण हो ।

राजा चार्ल्सको गद्दी आरोहणपछि यो उनीहरूको दोस्रो अन्तर्राष्ट्रिय सद्भावना भ्रमण हो । उनीहरूले गत वर्ष इन्डोनेसियाको भ्रमण गरेका थिए । 'योमिउरी शिम्बुन' पत्रिकाका अनुसार दुवै देशका सरकारले राजाको उपचार तालिकामा ध्यान दिएर भ्रमणको योजना बनाइरहेका छन् ।

जिजी प्रेसले पनि भ्रमणको कार्यतालिका 'सावधानीपूर्वक' मिलाइएको जनाएको छ । जापानी शाही दम्पतीले राजकीय अतिथिका रूपमा बेलायतको भ्रमण गर्नुका साथै लण्डनको बकिंघम प्यालेसमा आयोजना हुने स्वागत समारोह तथा भोजमा सहभागी हुने छ ।

उनीहरूले विभिन्न समयमा अध्ययन गरेका अक्सफोर्ड विश्वविद्यालयको भ्रमण पनि जापानी सम्राटको भ्रमण तालिकामा रहने कार्यक्रम रहेको छ । भ्रमणका क्रममा जापानी राष्ट्राध्यक्ष नारुहितो र साम्राज्ञी मासाकोले बेलायती प्रधानमन्त्री ऋषि सुनक र उनकी पत्नीसँग भेटवार्ता गर्ने र मध्याह्नको भोजमा सहभागी हुने बताइएको छ । *रासस/एएफपी*

# मुख्यमन्त्री केजरीवाल पक्राउको विरोधमा प्रदर्शन

**नयाँदिल्ली–** सन् २०२१ नोभेम्बर १७ मा दिल्ली सरकारले राज्यमा नयाँ मदिरा नीति लागू गर्दा अनियमितता गरिएको र इजाजत धारकहरूलाई अनुचित लाभ दिइएको आरोपमा पक्राउ परेका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालको गिरफ्तारीको विरोधमा आम आदमी पार्टी (आप) का समर्थकहरूले आइतबार प्रदर्शन गरेका छन् ।

आपका प्रमुख तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई प्रवर्तन निर्देशालय (इडी) ले गत मार्च २१ मा पक्राउ गरेको थियो । नयाँ मदिरा नीति लागू गर्दा यसमा लाइसेन्स शुल्क माफ वा कम गरिएको छ । यो नीतिले सरकारी राजस्वमा एक अर्ब ४४ करोड ३६ लाख भारतीय रूपैयाँ घाटा भएको दाबी गरिएको थियो । यस विषयमा छानबिन गर्न सिफारिस गरेपछि सन् २०२२ को जुलाई ३० मा दिल्ली सरकारले नयाँ अन्तःशुल्क नीति फिर्ता लिई पुरानो प्रणालीलाई पुनः स्थापित गरेको थियो ।

इडीले आप नेतालाई पक्राउ गरेकोमा आपत्ति जनाउँदै प्रदर्शनकारीहरूले सरकारविरुद्ध नाराबाजी गर्दै 'म पनि केजरीवाल हुँ, मलाई पनि गिरफ्तार गर' भन्दै आइटिओ फुट ब्रिजमा भेला भई प्रदर्शन गरेका छन् । आपले केजरीवालको गिरफ्तारीको विरोधमा आइतबार दिल्लीभरि मैनबत्ती जुलुस र पुतला दहन गरेको छ । दिल्लीका मुख्यमन्त्री केजरीवालको गिरफ्तारीको विरोधमा दिल्लीका जनता सडकमा उत्रिएका छन् । *रासस/सिन्ह्वा*

# अपहरणमा परेका सयौं विद्यार्थी रिहा



**अबुजा (नाइजेरिया)–** नाइजेरियाको उत्तरपश्चिमी क्षेत्रमा यसै महिनाको सुरुमा बन्दुकधारीले अपहरण गरेको आरोपमा पक्राउ परेका २५० भन्दा बढी विद्यालयका बालबालिकालाई रिहा गरिएको स्थानीय गभर्नरले आइतबार बताएका छन् ।

गत मार्च ७ मा कादुना राज्यको कुरिगामा भएको अपहरण वर्षौंयताकै सबैभन्दा ठूलो आक्रमण भएको थियो र यसले नागरिकको असुरक्षालाई लिएर देशव्यापी आक्रोश उत्पन्न गराएको थियो ।

कादुना राज्यका गभर्नर उबा सानीले भने, 'अपहरणमा परेका कुरिगाका विद्यार्थीलाई सकुशल रिहा गरिएको छ । यो वास्तवमै खुसीको दिन हो ।' राष्ट्रपति बोला अहमद टिनुबु, नाइजेरियाको सेना, राष्ट्रिय सुरक्षा सल्लाहकार र विद्यालयका बालबालिकाको सुरक्षित फिर्ताका लागि प्रार्थना गर्ने सबै नाइजेरियालीहरूलाई उनले धन्यवाद दिए ।

अपहरणमा स्थानीय आपराधिकको गिरोहहरूलाई जिम्मेवार मानिएको थियो । नाइजेरियाको उत्तर-पश्चिम र उत्तर-मध्य क्षेत्रमा उनीहरूले समुदायलाई निशाना बनाउने, गाउँहरू लुट्ने र फिरौतीका लागि सामूहिक अपहरण गर्ने गरेका छन् । अपहरणकारीहरूले फिर्तीको लागि ठूलो रकम माग गरेको विद्यार्थीहरूको आफन्तजनले बताएका थिए, तर राष्ट्रपति टिनुबुले सुरक्षा बलहरूलाई फिरौतीविना नै मुक्त गर्नका लागि निर्देशन दिएका थिए ।

नाइजेरियामा अपहरण पीडितहरू प्रायः अधिकारीहरूसँगको वार्तापछि मुक्त हुन्छन् । यद्यपि सन् २०२२ को कानुनले अपहरणकारीहरूलाई पैसा हस्तान्तरण गर्न प्रतिबन्ध लगाएको र सेनाको सफल खोजी अभियान र कारबाहीले फिरौतीविना नै अपहरित २५० भन्दा बढी विद्यार्थीलाई मुक्त गरिएको सेनाले जनाएको छ । *रासस/एएफपी*

## 'करिब ८० प्रतिशत अफगानी खानेपानीको पहुँचबाहिर'

काबुल– अफगानिस्तानको करिब ८० प्रतिशत जनसंख्यामा पिउने पानीको पहुँच नभएको संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) अफगानिस्तानको शुक्रबार सार्वजनिक एक प्रतिवेदनले देखाएको छ । प्रतिवेदनमा गम्भीर खडेरीको अवस्था, आर्थिक अस्थिरता र लामो समयदेखिको द्वन्द्वको विनाशकारी प्रभावका कारण अफगानिस्तानको पानीको पूर्वाधारमा उल्लेखनीय कमी आएको उल्लेख गरिएको छ । यो संकटले महिलाप्रधान परिवारहरूलाई असमान रूपमा प्रभावित गरेको छ ।

भूपरिवेष्ठित अफगानिस्तान खडेरीको चपेटामा परेको छ । अफगानिस्तानकोकामचलाउ सरकारले भूमिगत पानीको सुधार र भण्डारणका लागि देशभर साना बाँध, पानी आपूर्ति सञ्जाल र पानीका नहरहरू निर्माण गरिरहेको छ । *रासस/सिन्ह्वा*

**गढी गाउँपालिका**
**गाउँकार्यालालिकाको कार्यालय**
**औराबनी, सुनसरी**
**कोशि प्रदेश, नेपाल**

**गढी गाउँपालिका कार्यालयको जनहितमा जारी सन्देश**

**सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत सम्भारले भेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।**

**त्यसैले** :
- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनौं ।
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| | १२६५०० | १२५९०० | १५०० |
| | ११९५०० | ११८९५० | १४१५ |

# तल्लो सेतीका लागि जग्गा प्राप्त गर्न स्वीकृति

**दमौली (तनहुँ)–** एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माण गरिरहेको तनहुँ हाइड्रोपावर लिमिटेडले निर्माण गर्न लागेको एक सय २६ मेगावाटको तल्लो सेती आयोजनाका लागि जग्गा प्राप्त गर्न सरकारले स्वीकृति प्रदान गरेको छ ।

सरकारले आयोजनाका लागि तनहुँमा करिब पाँच सय ७७ र चितवनमा करिब ३२ रोपनी जग्गा प्राप्त गर्न स्वीकृति दिएको हो । केही दिन अगाडि बसेको मन्त्रिपरिषद्को बैठकले जग्गा प्राप्त गर्न स्वीकृति दिएको तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले राससलाई जानकारी दिए ।

लिमिडेटले ऊर्जा मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा उक्त प्रस्ताव गरेको थियो । सरकारले जग्गा प्राप्तका लागि स्वीकृति प्रदान गरेसँगै आयोजनाका लागि जग्गा अधिग्रहणको काम अगाडि बढाउन सहयोग पुग्ने श्रेष्ठले बताए । उनले भने, 'विविध कारणबस जग्गा प्राप्त गर्नका लागि स्वीकृति पाउन ढिलाइ भइरहेको थियो, सरकारको निर्णयसँगै अब जग्गा अधिग्रहणको कामलाई अगाडि बढाइनेछ ।'

आयोजनाका प्रमुख श्यामजी भण्डारीले अब प्रारम्भिक अधिकृत तोकेर काम अगाडि बढाइने जानकारी दिए । उनले भने, 'सरकारको निर्णयसँगै जलाशय क्षेत्रका लागि आवश्यक जग्गा अधिग्रहणको काम अगाडि बढाउन सहयोग पुग्नेछ ।'

तल्लो सेतीको अडिट सुरुङ निर्माणका लागि हालैमात्र सम्झौता भएको छ । तल्लो सेती जलविद्युत् आयोजनाको तीन सय ७५ मिटर लामो अनुसन्धानात्मक अडिट सुरुङ निर्माणका लागि आरके इञ्जिनियरिङ एण्ड एशोसिएटससँग खरिद सम्झौतामा सम्झौता गरिएको छ ।

आयोजनाका लागि भौगर्भिक अवस्था परीक्षणका लागि अनुसन्धनात्मक अडिट सुरुङ निर्माण गर्न लागिएको भण्डारीको भनाइ छ । अनुसन्धानका लागि निर्माण गरिने उक्त सुरुङपछि अन्य कामका लागि प्रयोगमा आउने भण्डारीको भनाइ छ । डेढ वर्षभित्र उक्त सुरुङ निर्माण गरिसक्ने भण्डारीले बताए ।

तल्लो सेती जलविद्युत् आयोजनामा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) र एशियाली विकास बैंक (एडिबी) ले लगानीका लागि चासो दिएको छ । 'दुवै दाताहरू यसका लागि सकारात्मक छन्', भण्डारीले भने । उक्त आयोजनाको लागत रु २५ अर्ब अनुमान गरिएको छ । तनहुँ जलविद्युत् आयोजनाको एक सय ४० मिटर अग्लो कङ्क्रिट बाँधबाट प्राप्त हुने सेती नदीको रेगुलेटेड प्रवाह तथा मादी नदीको थप प्रवाहसमेत प्रयोग गर्न तल्लो तटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको हो ।

तल्लो सेती जलविद्युत् आयोजना निर्माणका लागि विस्तृत अध्ययन सकिएको छ । आयोजनाले विज्ञ समूह नियुक्त गरी काम अगाडि बढाएको थियो । परामर्शदाताले पेस गरेको विस्तृत परियोजना प्रतिवेदन पुनरावलोकनका लागि नियुक्त तीन सदस्यीय अन्तर्राष्ट्रिय विज्ञ समूहले विसं २०७८ असार २३ गते प्रतिवेदन बुझाइसकेको छ ।

कम्पनीले आयोजनाको विद्युत् उत्पादनको सर्वेक्षण अनुमति प्राप्त गरिसकेको छ । साथै दातृ निकाय एडिबीबाट प्राप्त करिब तीन दशमलव पाँच मिलियन अमेरिकी डलर अनुदान सहयोगबाट आयोजनाको विस्तृत इञ्जिनियरिङ डिजाइन तथा बोलपत्रसम्बन्धी काजजात तयार गर्ने परामर्श सेवा खरिदका लागि वाप्कोस भारत/निप्पन कोई जापान जेभीसँग विसं २०७५ चैत २९ गते खरिद सम्झौता भएको थियो । आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ सारङघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ । पानीको प्रवाहलाई देवघाट गाउँपालिका-३ र ४ हुँदै छ दशमलव आठ किलोमिटर लामो सुरुङमार्फत सेती नदीको सङ्गमदेखि करिब पाँच सय मिटर तल्लो तटीय क्षेत्रमा पर्ने देवघाटस्थित कालीगण्डकी नदीको दायाँ किनारमा बन्ने अर्ध भूमिगत विद्युत्गृहमा खसाली विद्युत् उत्पादन गर्ने योजना बनाइएको छ ।

आयोजनाबाट बन्दीपुर-६, व्यास-१३ र १४, देवघाट-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी-५ र ६ तथा भरतपुर महानगरपालिका-२९ का केही भाग प्रभावित हुनेछ ।

देवघाट वडा नं ४ गाईघाटमा अर्धभूमिगत विद्युत्गृहको निर्माण गरी विद्युत् उत्पादन गरिने छ । उत्पादित विद्युत्लाई तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको २२० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिनेछ । यसका लागि करिब दुई किमी प्रसारण लाइनको निर्माण गर्नुपर्छ ।

अर्धजलाशययुक्त तल्लो सेती आयोजनाको करिब १२ किमी लामो जलाशय माथिल्लो तटीय क्षेत्र अर्थात् बाँधस्थलबाट सुँडेगाउँसम्म विस्तार हुनेछ । आयोजनाबाट वार्षिकरूपमा ५२ करोड युनिट विद्युत् उत्पादन हुने जनाइएको छ । *रासस*



**स्ट्रबेरी खेती** | चितवनको भरतपुर महानगरपालिका-५ समिचोकस्थित नेपाल एग्रोभाइन प्रालिमा लटरम्म फलेको स्ट्रबेरी । यहाँ विगत चार वर्षदेखि स्ट्रबेरीको व्यावसायिक खेती र अनुसन्धान भइरहेको छ । *तस्बिरः कृष्ण आचार्य/रासस*

# विमानस्थल पूर्ण सञ्चालन नभए होटल बन्द हुन्छन् : व्यवसायी

■ प्रभाव संवाददाता

**भैरहवा–** होटल व्यवसायीहरूले यथासिघ्र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल यथासिघ्र पूर्ण सञ्चालनका माग गरेका छन् । भैरहवामा भएको होटल व्यवसायी महासंघ नेपाल लुम्बिनी प्रदेशको विस्तारित वैठकले मुख्यतया ३ वटा विषयमा केन्द्रित भई निर्णय गरेको छ । भैरहवामा निर्माण सम्पन्न भएको अन्तरीाष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका लागि राज्यका सम्बन्धित निकायमा संघले पहकदमी गर्ने र दबाबमुलक कार्य सृजना गर्ने निश्कर्ष निकालिएको बताए ।

यस्तै लुम्बिनीमा भएको गुम्बाहरूले बाहिरी पर्यटकहरूलाई राख्दा लुम्बिनी क्षेत्रमा रहेका होटल व्यवसायीहरू विस्थापित हुने अवस्था आएकोले सम्बन्धित निकायले यस्तो गतिविधी रोक्न अनुरोध गर्ने र बाहिर स्थापित होटलमा बस्ने वातावरण मिलाउन अनुरोध गर्ने निर्ण्ढाय गरेको छ ।

यस्तै अहिलेको अवस्थामा व्यवसायहरू नाजुक अवस्थामा पुगेको छ , कोभिड पछि यो व्यवसाय संकटमा आएकोले घरबहाल पनि तिर्न नसक्ने अवस्था आएकोले परिस्थिती जन्य अवस्था सृजना भएकोले सकेको जति सक्ने छुट घरबहाललाई दिने व्यवसथा मिलाउने निर्णय भएको होटल व्यवसायी महासंघ नेपालका संस्थापक अध्यक्ष माधव प्रसाद नेपालले बताए ।

संस्थापकअध्यक्ष नेपालले विमानस्थल सञ्चालन हुने आशामा अर्बौ लगानी निजी क्षेत्रबाट भएको र अहिले व्यवसाय धरासायी भएको बताए । होटल व्यवसायी महासंघमा सवा १ लाख व्यवसायीहरू आबद्ध रहेको छन, अहिले व्यवसायिक प्रतिस्पर्धा भन्दा पनि जुटेर जानु पर्ने स्थिती आएको उनीहरूको भनाई छ ।

त्यस्तै होटल व्यवसायी महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष भाष्कर काफ्लेले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवाको, लुम्बिनी प्रदेशको मात्र नभइ पश्चिम नेपालको विकासको द्वार भएको बताए । उनले भने, 'यो अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन नहुँदा यो खण्डहर बन्दैछ । विमानस्थल सञ्चालनका लागि आन्दोलन र पहल गर्नुपर्छ ।' उनले व्यवसायीका समस्या सम्बोधनका लागि होटल व्यवसायी महासंघले पहल गर्दै आएको बताए । महासंघसँग व्यवसायीले धेरै आशा, भरोसा र अपेक्षा राखेको उनले बताए ।

होटल व्यवसायी महासंघका केन्द्रीय उपमहासचिव राजेश महोत्राले महासंघलाई अझ बलियो बनाउनुपर्ने बताए । उनले भने, 'महासंघ हाम्रो छाता संगठन हो । हामी एकताबद्ध हुनुपर्छ ।'

# मन्थली–लुक्ला उडान सुरु

**मन्थली (प्रस)–** पदयात्रा र हिमाल आरोहणको मौसम सुरु भएसँगै रामेछापको मन्थली विमानस्थलबाट लुक्लाका लागि दैनिक उडान सुरु भएको छ । तारा, समिट र सीता एयरले आइतबारदेखि सोलुखुम्बुको लुक्लासम्म नियमित उडान भर्न थालेपछि पर्यटकका लागि सहज हुने ठानिएको छ ।

पर्यटकीय मौसमको बेला त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल व्यस्त हुने भएकाले ट्राफिक जाम नहोस् भनी एयरलाइन्सहरूले पर्यटकलाई मन्थलीसम्म गाडीमा ल्याएर लुक्लाको लागि उडान भर्ने गरेका छन् । पदयात्रा र आरोहणका लागि वर्षको दुई पटक पर्यटक यहाँ आउने गर्छन् । यसअघि असोजको पहिलो सातादेखि मङ्सिरको पहिलो सातासम्म खुम्बुक्षेत्र घुम्न जाने पर्यटक धेरै हुने गर्दथे । यसवर्ष चैतदेखि जेठभित्र घुम्न आउने पर्यटकको सफ्या धेरै भएको तारा एयरका रामेछाप इन्चार्ज प्रवीण सुवेदीले बताए । शुक्रबारदेखि उडान सुरु गरेपनि मौसमले साथ नदिएको उनको भनाइ छ ।

# ठमेलमा विदेशी पर्यटकले पनि मनाए होली

■ प्रभाव संवाददाता



**काठमाडौं–** संघीय राजधानी काठमाडौंको प्रमुख पर्यटकीय गन्तव्य ठमेललगायत विश्वसम्पदा क्षेत्रमा विदेशी पर्यटकले पनि हर्षोल्लासका साथ होली पर्व मनाएका छन् । वसन्तऋतुको आगमनसँगै नेपाल घुम्न आएका विदेशी पर्यटकले फागुपूर्णिमाका अवसरमा यहाँ मनाइँदै आएको होली पर्वलाई हर्षोल्लासका साथ मनाएका हुन् । पछिल्लो समय नेपालमा मनाइने होली पर्व विदेशीलेसमेत मनाउने गराउने गरेका छन् ।

विदेशी पर्यटकले बिहानैदेखि एक अर्कासँग रङ साटासाट, नाचगानसँगै रमाइलो गरी होली मनाइरहेका छन् । राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेल, वसन्तपुर, दरबारमार्ग, पाटन, बौद्धलगायत क्षेत्रमा होली मनाइरहेका छन् ।

ठमेल पर्यटन विकास परिषद्ले होली विशेष कार्यक्रमको आयोजना गरेको छ । काठमाडौं महानगरपालिका-२६ सञ्चयकोष अगाडि सडकमा साङ्गीतिक मनोरञ्जनात्मक कार्यक्रमसहित होली पर्व मनाइएको परिषद्ले जनाएको छ । परिषद्का अध्यक्ष भविश्वर शर्माले यस्ता सांस्कृतिक पर्वमा विदेशी पर्यटकलाई सहभागी गराएर मनाउँदा नेपालको पर्यटन प्रवर्द्धन हुनुका साथै हाम्रा धार्मिक तथा सांस्कृतिक विशेषता विश्व समुदायसम्म पुऱ्याउन मद्दत पुग्ने बताए ।

'हरेक सांस्कृतिक कार्यक्रमलाई पर्यटनसँग जोड्नसके नेपालको पर्यटन क्षेत्रले ठूलो फड्को मार्न सक्छ । हाम्रा सांस्कृतिक कार्यक्रमलाई सरकारले 'क्यालेण्डर' बनाएर विश्वभर पर्यटन प्रवर्द्धन गर्नुपर्छ । यति गर्नसकेमा मुलुकमा १२ महिना पर्यटकको सिजन हुनेछ', उनले भने ।

नेपाल भ्रमणमा आउने पर्यटकमध्ये ८० प्रतिशत ठमेल क्षेत्रमा आउने गरेका परिषद्का उपाध्यक्ष सहदेव धमलाले जानकारी दिए । परिषद्ले अङ्ग्रेजी नयाँ वर्ष, नेपाली नयाँ वर्ष, सगरमाथा दिवस, विश्व पर्यटन दिवस, होलीलगायत पर्व तथा दिवसमा विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना गरी विदेशी पर्यटकलाई मनोरञ्जन दिँदै आएको उनले बताए । ठमेल पर्यटन विकास परिषद्अन्तर्गत हाल ठमेलभित्र १० हजारभन्दा बढी व्यवसायी र दुई हजारको हाराहारीमा घरधनी रहेका छन् ।

सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं ।

- आफूले प्रयोग गर्ने मोबाइल, कम्प्युटर जस्ता विद्युतीय उपकरण सधैं लगआउट गरौं ।
- अरूलाई आफनो एकाण्टको पासवर्ड थाहा नदिऔं ।
- साथीभाई वा अन्यको फोटो वा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नुअघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भामक, आधिकारितामा नभएको सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं ।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ